# यूहन्नाको सुसमाचार

## प्रस्तावना

१ आदिमा वचन* थियो, औ वचन* परमेश्वरसँग थियो, औ वचन*
परमेश्वरनै थियो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै
थोक उहाँबाट हुनआए; औ हुनआएको कुनै एक थोक पनि उहाँ विना
हुनआएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति
थियो। ५ त्यो ज्योति अँध्यारोमा चम्कन्छ, औ अँध्यारो उहाँमाथि
विजयी भएन।

६ परमेश्वरबाट पठाइएका यूहन्ना नाउँका एक जना मानिस आए।
७ सबैले उनीबाट विश्वास गरून् भनी ज्योतिको विषयमा गवाही दिना-
लाई उनीनै गवाहीका लागि आए। ८ उनी आफै ता ती ज्योति थिएनन्,
तर ज्योतिको विषयमा गवाही दिनालाई आए। ९ प्रत्येक मानिसलाई
प्रकाश दिने, उहाँ पो संसारमा आउने साँचो ज्योति हुनुहुन्थ्यो।
१० उहाँ संसारमा हुनुहुन्थ्यो, औ संसार उहाँबाटै हुनआयो, औ
संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नैकहाँ आउनुभयो, औ आफ्नै-
हरूले उहाँलाई ग्रहण गरेनन्; १२ तर जतिले उहाँलाई ग्रहण गरे,
उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात्
उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई; १३ जो न रगतबाट,

---

* वचनको अर्थ ख्रीष्ट हो।

न देहको इच्छाबाट, न मानिसको इच्छाबाट, तर परमेश्वरबाट जन्मेका
थिए ।
१४ अनि वचन देह हुनआयो, र हाम्रा बीचमा अनुग्रह र सत्यले
पूर्ण भई बास गर्‍यो, ( औ हामीले उहाँको महिमा, पिताबाट
आउनुभएको एकलो पुत्रको जस्तो महिमा देख्यौं । ) १५ यूहन्नाले उहाँका
विषयमा साक्षी दिए, औ यसो भन्दै कराए, "यहाँ उहाँनै हुनुहुन्छ,
जसका विषयमा मैले भनें, 'मपछि आउने मभन्दा अघाडि हुनुहुन्छ,
किनभने उहाँ मभन्दा पहिला हुनुहुन्थ्यो' ।" १६ किनभने उहाँको पूर्णता-
बाट हामी सबैले पायौं, औ अनुग्रहमाथि अनुग्रह । १७ किनभने व्यवस्था
मोशाबाट दिइयो ; अनुग्रह र सत्यता चाहिँ येशू ख्रीष्टबाट हुनआए ।
१८ परमेश्वरलाई कुनै मानिसले कहिल्यै देखेको छैन ; पिताको काखमा हुने
एकलो पुत्रले मात्र बयान गर्नुभएको छ ।

## बप्तिस्मा दिने यूहन्नाको येशू प्रतिको साक्षी

१९ अनि जब यरूसलेमबाट यहूदीहरूले उनीकहाँ "तिमी को हौ ?"
भनी उनलाई सोध्न भनेर पूजाहारीहरू र लेवीहरूलाई पठाए, तब यूहन्ना-
को साक्षी यो थियो । २० अनि उनले स्वीकार गरे, औ इन्कार गरेनन्,
औ "म ख्रीष्ट होइनँ," भनी स्वीकार गरे । २१ तब तिनीहरूले उनलाई
सोधे, "तब के ? तिमी एलिया हौ ?" उनले भने, "म होइनँ ।"
"के तिमी भविष्यवक्ता हौ ?" औ उनले जवाफ दिए, "होइनँ ।" २२
यसकारण तिनीहरूले उनलाई भने, "तिमी को हौ ता ? र हामीलाई
पठाउनेहरूलाई हामी जवाफ दिऔं । तिमी आफ्नो विषयमा के
भन्छौ ?" २३ उनले भने, "यशैयाह भविष्यवक्ताले भनेझैं 'प्रभुको बाटो
सीधा पार' भन्दै वनमा कराउने को म एउटा शब्द हुँ ।" २४ औ

तिनीहरू फरिसीहरूबाट पठाइएका थिए। २५ अनि तिनीहरूले उनलाई सोधेर
भने, "तिमी न ख्रीष्ट, न एलिया, न भविष्यवक्ता हौ भने, किन बप्तिस्मा
दिन्छौ त?" २६ यूहन्नाले तिनीहरूलाई यसो भन्दै जवाफ दिए,
"म ता पानीले बप्तिस्मा दिन्छु; तर तिमीहरूका माझमा एक जना खड़ा
हुनुहुन्छ, जसलाई तिमीहरू चिन्दैनौ। २७ उहाँनै मपछि आउने
हुनुहुन्छ, जसको जुत्ताको फिता खोल्ने म योग्य छैनँ।" २८ यी कुरा
यर्दन पारि बेथानीमा भएको हो, जहाँ यूहन्नाले बप्तिस्मा दिइरहेका
थिए।

२९ भोलिपल्ट उनले येशूलाई आफूकहाँ आउँदैगर्नुभएको देखेर भने,
"हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उहाँ उही
हुनुहुन्छ, जसका विषयमा मैले भनें, 'मपछि एक जना आउनुहुन्छ,
जो मभन्दा अघाड़ि हुनुहुन्छ, किनभने उहाँ मभन्दा पहिला हुनुहुन्थ्यो।'
३१ औ मैले उहाँलाई चिनेको थिइनँ; तर उहाँ इस्राएलमा प्रकट होऊन्
भनेरनै म पानीले बप्तिस्मा दिँदै आएँ।" ३२ औ यूहन्नाले यसो भन्दै
गवाही दिए, "मैले आत्मालाई स्वर्गबाट परेवाझैं ओर्लंदै गर्नुभएको
देखें; र उहाँमाथि बस्नुभयो। ३३ औ मैले उहाँलाई चिनेको थिइनँ;
तर मलाई पानीले बप्तिस्मा दिन पठाउनुहुनेलेनै मलाई भन्नुभयो, 'जस-
माथि तिमी आत्मालाई ओर्लंदै र बस्तैगरेका देखौला, पवित्र
आत्माले बप्तिस्मा दिने उहाँनै हुनुहुन्छ'। ३४ औ मैले देखेको छु, औ
परमेश्वरका पुत्र उहाँनै हुनुहुन्छ भनेर गवाही दिएको छु।"

## बप्तिस्मा दिने यूहन्नाका चेलाहरू र येशू

३५ फेरि अर्को दिन यूहन्ना उभिरहेका थिए, र उनका चेलाहरूमध्ये
दुइ जना पनि। ३६ अनि येशूलाई डुल्दै गर्नुभएको देखेर तिनले भने,

"हेर परमेश्वरका थुमा !" ३७ अनि तिनी बोलेका सुनेर ती दुइ चेलाहरू
येशूका पछि लागे। ३८ येशूले फर्केर तिनीहरूलाई पछिपछि आउँदै
गरेका देखेर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के खोज्दछौ ?" अनि तिनी-
हरूले उहाँलाई भने, "हे रब्बी, ( जसको अर्थ हो, गुरुज्यू ), तपाईं कहाँ
बस्नुहुन्छ ?" ३९ उहाँले तिनीहरूलाई भन्नुभयो, "आएर हेर।" तिनी-
हरू गए, औ उहाँ कहाँ बस्नुहुँदोरहेछ सो देखे ; औ तिनीहरू त्यो दिन
उहाँसित बास बसे। दशौं घड़ी जति ( प्रायः चार बजे बेलुकी ) भएको
थियो। ४० यूहन्नाबाट यो सुन्ने र उहाँको पछि लाग्ने दुइ जनामध्ये
एउटा चाहिँ शिमोन पत्रुसका दाज्यू अन्द्रियास थिए। ४१ तिनले पहिले
आफ्नो साक्खै भाइ, शिमोनलाई भेट्टाएर तिनलाई भने, हामीले
मसीहलाई ( जसको अर्थ ख्रीष्ट हो ) भेट्टाएका छौं। ४२ उनले तिनलाई
येशूकहाँ ल्याए। येशूले तिनीमाथि दृष्टि लगाई भन्नुभयो, "तिमी
योआन्नेसको छोरो शिमोन हौ ; तिमी केफास भनिनेछौ ( जसको अर्थ
हो पत्थर )।"

४३ भोलिपल्ट उहाँले गालीलमा जाने मन गर्नुभयो, र फिलिपलाई
भेट्टाएर उहाँले तिनलाई भन्नुभयो, "मपछि लाग।" ४४ अब
फिलिप चाहिँ अन्द्रियास र पत्रुसको शहर, बेत्सैदाका थिए। ४५ फिलिप-
ले नथनएललाई भेट्टाएर भने, "जसका विषयमा मोशाले व्यवस्थामा औ
भविष्यवक्ताहरूले लेखे, हामीले उहाँलाई भेट्टाएका छौं, अर्थात् यूसुफका
पुत्र, नासरतका येशूलाई।" ४६ नथनएलले तिनलाई भने, "के नासरत-
बाट केही असल कुरा आउनसक्छ र ?" फिलिपले तिनलाई भने,
"आएर हेर।" ४७ येशूले नथनएललाई आफूकहाँ आउँदै गरेका देखेर
तिनका विषयमा भन्नुभयो, "हेर, साँच्चै एउटा इस्राएली, जसमा छल
छैन।" ४८ नथनएलले उहाँलाई भने, "तपाईंले मलाई कसरी चिन्नुभयो ?"

येशूले तिनलाई जवाफ दिएर भन्नुभयो, "फिलिपले तिमीलाई बोला-
उनअघि तिमी नेभाराको ( अञ्जीर ) रूखमनि हुँदा मैले तिमीलाई देखें।"
४९ नथनएलले उहाँलाई जवाफ दिए, "गुरुज्यू, तपाइं परमेश्वरका पुत्र
हुनुहुन्छ, तपाइं इस्राएलका राजा हुनुहुन्छ।" ५० येशूले तिनलाई
जवाफ दिएर भन्नुभयो, "किनकि मैले तिमीलाई नेभाराको रूखमनि
देखें भनेकोलेनै तिमी विश्वास गर्दछौ? यी भन्दा ठूला कुराहरू तिमी
देख्नेछौ।" ५१ अनि उहाँले तिनलाई भन्नुभयो, "साँचो साँचो म
तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग खोलिएको, औ परमेश्वरका दूत-
हरूलाई मान्छेको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौ।"

## काना भन्ने शहरमा भएको विवाह

२ अनि तेस्रो दिन गालीलको कानामा एउटा विवाह थियो, औ
येशूकी आमा त्यहाँ थिइन्। २ येशू र उहाँका चेलाहरू पनि विवाहमा
निम्तिएका थिए। ३ औ दाखमद्य अभाव हुँदा येशूकी आमाले उहाँ-
लाई भनिन् "तिनीहरूसित दाखमद्य छैन।" ४ अनि येशूले तिनलाई
भन्नुभयो, "नारि, तपाइं र मलाई के ता? मेरो बेला अझसम्म
आएको छैन।" ५ उहाँकी आमाले चाकरहरूलाई भनिन्, "उहाँले भने
बमोजिम तिमीहरूले गर।" ६ अब यहूदीहरूको शुद्ध हुने रीति अनु-
सार त्यहाँ प्रायः बीस तीस पाथी अटाउने ढुङ्गाका छवटा घ्याम्पाहरू
राखिएका थिए। ७ येशूले तिनीहरूलाई भन्नुभयो, "घ्याम्पाहरूभरि पानी
हाल।" तिनीहरूले तिनलाई मुखसम्म भरिदिए। ८ उहाँले तिनीहरू-
लाई भन्नुभयो, "अब उघाएर भोजका मुखियाकहाँ लैजाओ।" अनि
तिनीहरूले लगे। ९ तर जब भोजका मुखियाले दाखरसको मद्य बनाएको
पानी चाखे, औ त्यो कहाँबाट आएको हो, जानेका थिएनन् ( तर पानी भर्ने

चाकरहरूले थाहा पाएका थिए), तब भोजका मुखियाले दुलहालाई (ब्याहुला)
बोलाएर भने, १० "हरेक मानिसले पहिले असल दाखमद्य टकाउँछ,
औ जब मानिसहरू लट्ठिएका हुन्छन्, तब कमसल चाहिँ; तिमीले ता
असल दाखमद्य अहिलेसम्म जोगाइराखेका रहेछौ।" ११ चिह्नहरूको यो
शुरू येशूले गालीलको काना नगरमा गरेर आफ्नो महिमा प्रगट गर्नुभयो;
र उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।

१२ यसपछि उहाँ आफ्नी आमा, भाइहरू र उहाँका चेलाहरूसमेत
तल कफर्नहुममा जानुभयो, औ त्यहाँ थोरै दिन रहनुभयो।

## येशूले मन्दिर शुद्ध पार्नुभएको

१३ अनि यहूदीहरूको निस्तार चाड नजीकै थियो, औ येशूमाथि
यरूसलेममा जानुभयो। १४ अनि उहाँले मन्दिरमा गोरु, भेड़ा र
परेवा बेच्नेहरू र सराफीहरूलाई बसिरहेका भेट्टाउनुभयो। १५ औ
डोरीको एउटा कोर्रा बनाएर उहाँले सबैलाई मन्दिरबाट लघार्नुभयो,
भेड़ाहरू र गोरुहरू दुवैलाई; औ पैसा साट्नेहरूको खुद्रा पैसा घोप्टाइ-
दिनुभयो, औ टेबल पल्टाइदिनुभयो। १६ अनि परेवा बेच्नेहरूलाई उहाँले
भन्नुभयो, "यहाँबाट यी लैजाओ; मेरा पिताको घर व्यापारको घर
नतुल्याओ।" १७ उहाँका चेलाहरूलाई यो कुरा याद भयो, कि यो
लेखिएको छ, 'तपाइंको घरको जोशले मलाई खाइहाल्नेछ।' १८ यसैकारण
यहूदीहरूले उहाँलाई जवाफ दिई भने, "तपाईं यी काम गर्नुहुन्छ, त
हामीलाई के चिह्न देखाउनुहुन्छ?" १९ येशूले तिनीहरूलाई जवाफ
दिई भन्नुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म त्यसलाई
तीन दिनमा खड़ा गर्नेछु।" २० यसकारण यहूदीहरूले भने,
"यो मन्दिर छियालीस वर्षमा बनाइयो, र के तपाईं त्यसलाई तीन

दिनमा खड़ा गर्नुहुन्छ र?" २१ तर उहाँले ता आफ्नो शरीरको
मन्दिरको विषयमा भन्नुहुन्थ्यो। २२ यसकारण जब उहाँ मरेकाबाट
पुनरुत्थान* हुनुभयो, तब उहाँले यो भन्नुभएको कुरा उहाँका चेला-
हरूले सम्झे; र धर्मशास्त्रमाथि र येशूले भन्नुभएको वचनमाथि विश्वास गरे।
२३ अनि जब उहाँ निस्तार चाड़को भोजको बेला यरूसलेममा
हुनुहुन्थ्यो, तब उहाँले जे चिह्न गर्नुभयो ती देखेर धेरैले उहाँको नाउँमा
विश्वास गरे। २४ तर येशू आफैले सबैलाई चिन्नुभएको हुनाले आफूलाई
तिनीहरूको विश्वासमा छोड़नुभएन, २५ र कसैले उहाँलाई मानिसको
विषयमा गवाही देओस् भन्ने आवश्यक थिएन, किनकि मानिसमा के छ,
सो उहाँ आफै जान्नुहुन्थ्यो।

## निकोदेमससँगको कुरा-कहानी

३ फरिसीहरूमा निकोदेमस नाउँ भएका एक जना मानिस थिए;
जो यहूदीहरूका एउटा शासक थिए। २ तिनले राती उहाँकहाँ आएर
उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौं, तपाइ परमेश्वरबाट शिक्षक
भएर आउनुभएको हो, किनकि परमेश्वर उनीसँग हुनुहुन्न भने कसैले
पनि यी चिह्नहरू जो तपाइं गर्नुहुन्छ, गर्नसक्तैनन्।" ३ येशूले तिन-
लाई जवाफ दिई भन्नुभयो, "साँचो साँचो म तिमीलाई भन्दछु,
कोही नयाँ गरी जन्मेन भनेता उसले परमेश्वरको राज्य देख्नसक्तैन।" ४
निकोदेमसले उहाँलाई भने, "मानिस बूढो भएर कसरी जन्मनसक्छ र?
के त्यो आफ्नी आमाको कोखमा दोस्रोचोटि पसेर जन्मनसक्छ?" ५
येशूले जवाफ दिनुभयो, "साँचो साँचो म तिमीलाई भन्दछु, कोही
पानी र आत्माले जन्मेन भनेता परमेश्वरको राज्यमा पस्नसक्तैन।

* बौरनु

६ देहबाट जन्मेको देह हो, औ आत्माबाट जन्मेको आत्मा हो। ७
मैले तिमीहरू नयाँ गरी जन्मनु आवश्यक छ भनी तिमीलाई भनेकोमा
अचम्म नमान। ८ बतास जता इच्छा गर्दछ, त्यता बहन्छ, र तिमी
त्यसको शब्द ता सुन्छौ, तर त्यो कहाँबाट आउँछ, औ कता जान्छ,
त्यो जान्दैनौ, आत्माबाट जन्मेको हरेक त्यस्तै हुन्छ।" ९ निकोदेमसले
उहाँलाई जवाफ दिई भने, "यी कुरा कसरी हुनसक्छन्?" १० येशूले
तिनलाई जवाफ दिई भन्नुभयो, "तिमी इस्राएलका गुरु हौ, रपनि
यी कुरा बुझ्दैनौ? ११ साँचो साँचो म तिमीलाई भन्दछु, जे हामी
जान्दछौं, त्यो बोल्दछौं, औ जे हामीले देखेका छौं, त्यसको गवाही
दिन्छौं, र तिमीहरू हाम्रो गवाही ग्रहण गर्दैनौ। १२ मैले तिमीहरूलाई
पृथ्वीका कुरा भनें, र तिमीहरू विश्वास गर्दैनौ, त मैले तिमीहरू-
लाई स्वर्गका कुरा भनें भने, कसरी विश्वास गर्नेछौ? १३ औ कोही
पनि स्वर्गमा उक्लिगएको छैन, स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक।
१४ औ जसरी मोशाले वनमा साँपलाई उचाले, त्यसरीनै मानिसको
पुत्र उचालिनु आवश्यक छ, १५ र जसले विश्वास गर्छ त्यसले उहाँमा
अनन्त जीवन पाओस्।

१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले
आफ्नो एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश
नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले
संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर
संसार उहाँबाट बचोस् भनेर पठाउनुभयो। १८ जसले उहाँमाथि विश्वास
गर्दछ, उसको इन्साफ हुँदैन; जसले विश्वास गर्दैन, उसको इन्साफ
अघिनै भइसकेको छ, किनभने उसले परमेश्वरको एकमात्र पुत्रको नाउँमा
विश्वास गरेको छैन। १९ अनि न्यायको फसला यो हो, ज्योति

संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरू अन्धकारलाई
रुचाए; किनकि तिनीहरूका काम दुष्ट थिए । २० किनभने जसले तुच्छ काम
गर्दछ, त्यसले ज्योतिलाई घृणा गर्दछ, र ज्योतितिर आउँदैन, नत्रता त्यसका
कामको दोष प्रकट हुनेछ । २१ तर सत्य काम गर्ने चाहिँ त्यसका
काम परमेश्वरमा भएका हुन् भनी प्रकट होस् भनेर ज्योतितिर
आउँछ ।"

## बप्तिस्मा दिने यूहन्नाको येशू प्रतिका अरू बढ़्ता साक्षी

२२ यी कुरा पछि येशू आफ्ना चेलाहरूसमेत यहूदियाको देशमा
आउनुभयो; र त्यहाँ तिनीहरूसित बास गर्नुभयो; औ बप्तिस्मा दिनु-
हुन्थ्यो । २३ यूहन्नाले पनि सालीमको छेउ एनोनमा बप्तिस्मा दिन्थे ;
किनकि त्यहाँ निकै पानी थियो ; औ मानिसहरू आउँथे र बप्तिस्मा
लिन्थे । २४ किनभने यूहन्ना अझैसम्म झ्यालखानामा परेका थिएनन् ।
२५ त्यस बेला यूहन्नाका चेलाहरूको एउटा यहूदीसित शुद्ध हुने विषयमा
वाद-विवाद भयो । २६ अनि तिनीहरूले यूहन्नाकहाँ आएर उनलाई भने,
"गुरुज्यू, जो यर्दनपारि, तपाइँसित हुनुहुन्थ्यो, जसका लागि तपाइँले गवाही
दिनुभएको छ; हेर्नुहोस्, उहाँ बप्तिस्मा दिनुहुन्छ, औ सबै उहाँकहाँ जान्छन् ।"
२७ यूहन्नाले जवाफ दिई भने, "मानिसलाई स्वर्गबाट दिइएको छैन
भने, त्यसले केही कुरो पाउनसक्तैन । २८ म ख्रीष्ट होइनँ, तर म
उहाँभन्दा अघाड़ि पठाइएको हुँ भनेर मैले भनें भनी तिमीहरू आफै
मेरो निम्ति गवाही दिन्छौ । २९ जसकी दुलही* छ, त्यही दुलहा†
हो ; तर दुल्हाको मित्र भएर खड़ा भई उनको कुरा सुन्नेले दुल्हाको
सोर सुनेर अत्यन्त आनन्दित हुन्छ । यसकारण यो मेरो आनन्द पूरा
भएको छ । ३० उहाँ बढ़्नु, तर म चाहिँ घट्नु आवश्यक छ ।"

---

* ब्याहुली ।　　† ब्याहुला ।

३१ "माथिबाट आउने सबैभन्दा माथिका हुन्। पृथ्वीबाट हुने
पृथ्वीकै हो, औ पृथ्वीकै कुरा बोल्दछ। स्वर्गबाट आउने सबैभन्दा
माथिका हुन्। ३२ जो उहाँले देख्नु र सुन्नुभएको छ, त्यसको
गवाही उहाँ दिनुहुन्छ; औ उहाँको गवाही कसैले ग्रहण गर्दैन। ३३
जसले उहाँको गवाही ग्रहण गरेको छ, त्यसले परमेश्वर सत्य हुनुहुन्छ
भन्ने आफ्नै छाप लगाएको छ। ३४ किनभने जसलाई परमेश्वरले
पठाउनुभयो, त्यसले परमेश्वरकै वचनहरू बोल्दछ; किनकि उहाँले आत्मा
नापेर दिनुहुन्न। ३५ पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, औ सबै थोक
उहाँकै हातमा दिनुभएको छ। ३६ जसले पुत्रमाथि विश्वास गर्दछ,
त्यसमा अनन्त जीवन छ; र जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले
जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ।"

## येशू र सामरी स्त्री

४ यसकारण जब यूहन्नाभन्दा येशूले धेरै चेलाहरू बनाउनुहुँदैछ, औ
बप्तिस्मा पनि दिनुहुँदैछ भन्ने कुरो फरिसीहरूले सुने भनी प्रभुले थाहा
पाउनुभयो, २ (तापनि येशू आफैले ता होइन, तर उहाँका चेलाहरूले
पो बप्तिस्मा दिन्थे) ३ तब उहाँ यहूदिया छोडेर फेरि गालीलमा
जानुभयो। ४ औ उहाँ सामरिया भएर जानुपर्थ्यो। ५ यसकारण
उहाँ याकूबले आफ्नो छोरो यूसुफलाई दिएको जग्गाको छेउ सुखार
भनिने सामरियाको एउटा शहरमा आउनुभयो। ६ त्यहाँ याकूबको
इनार थियो। अब येशू यात्राले थाक्नुभएको हुनाले इनारको डीलमा
त्यसै बसिरहनुभएको थियो। छ घडी (प्रायः मध्याह्न) भएको थियो।
७ सामरियाबाट एउटी आइमाई पानी भर्नालाई आई। येशूले त्यस-
लाई भन्नुभयो, "मलाई पानी पिउन देऊ।" ८ किनभने उहाँका
चेलाहरू शहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी आइ-

माईले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी आइमाईको
हातबाट कसरी पानी पिउन खोज्नुहुन्छ ?" (किनभने सामरीहरूसग यहूदी-
हरू केही व्यवहार गर्दैनन् ।) १० येशूले त्यसलाई जवाफ दिई भन्नुभयो,
"तिमीले परमेश्वरको वरदान र मलाई पानी पिउन देऊ भनेर तिमी-
लाई भन्ने को हो ? उसलाई चिनेकी भए, तिमीले पो उसँग माग्नेथियौ,
र उसले तिमीलाई जीवित पानी दिनेथियो ।" ११ त्यस आइमाईले
उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने भाँडा छैन, र इनार
गहीरो छ, त कहाँबाट तपाईंसित त्यो जीवित पानी आउँछ र ? १२
के तपाईं हाम्रा पिता-पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ, जसले हामीलाई
यो इनार बनाइदिनुभयो ; औ आफैले, र उहाँका सन्तान, र उहाँका गाई-
वस्तुले यसबाट पिए ?" १३ येशूले त्यसलाई जवाफ दिई भन्नुभयो,
"यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ ; १४ तर जसले त्यो पानी
पिउला, जो म त्यसलाई दिनेछु, त्यो कहिल्यै तिर्खाउनेछैन, तर जुन पानी
म त्यसलाई दिनेछु, त्यो पानी त्यसमा, अनन्त जीवनसम्म उम्रिरहने
पानीको मूल बनिनेछ ।" १५ त्यस आइमाईले उहाँलाई भनी,
"हजूर, मलाई यही पानी दिनुहोस्, र म नतिर्खाऊँ, नता यहाँ
पानी भर्नालाई आऊँ ।" १६ उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रा
लोग्नेलाई बोलाएर यहाँ आऊ ।" १७ त्यस आइमाईले जवाफ दिएर
भनी, "मेरा लोग्ने ता छैनन् ।" येशूले त्यसलाई भन्नुभयो, "मेरा
लोग्ने छैनन् भनी तिमीले ठीकै भन्यौ ; १८ किनभने तिम्रा पाँचवटा
लोग्ने भइसकेका छन्, औ जो अहिले तिमीसित छ, त्यो तिम्रा
लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौ ।" १९ त्यस आइमाईले
उहाँलाई भनी, "हजूर, तपाईं भविष्यवक्ता हुनुहुन्छ भनी
थाहा पाउँछु । २० हाम्रा पिता-पुर्खाहरूले यस डाँडामा पूजा गरे, औ

तपाईंहरू भन्नुहुन्छ कि त्यो जग्गा, जहाँ पूज्नुपर्दछ, यरूसलेममा छ।"
२१ येशूले त्यसलाई भन्नुभयो, 'ए नारि, मलाई विश्वास गर, त्यो
बेला आउँदैछ, जब तिमीहरू नता यस डाँड़ामा, न यरूसलेममा, पिता-
लाई पूज्नेछौ। २२ तिमीहरू जे जान्दैनौ, त्यो पूज्दछौ; हामी जे
जान्दछौं, त्यो पूज्दछौं; किनभने मुक्ति चाहिँ यहूदीहरूबाट छ। २३
तर बेला आउँछ, र अहिल्यै हो, जब साँचोसँग पूज्नेहरू पितालाई
आत्मा र सत्यतामा पूज्नेछन्; किनकि पिताले यस्तै उहाँलाई पूज्ने-
हरूलाई खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, औ उहाँलाई
पूज्नेहरूले आत्मा र सत्यतामा पूज्नुपर्दछ।" २५ त्यस आइमाईले उहाँलाई
भनी, "म जान्दछु कि (ख्रीष्ट भन्ने) मसीह आउनुहुन्छ ; जब उहाँ आउनु-
हुन्छ, तब उहाँलेनै हामीलाई सबै कुरा बताउनुहुनेछ।" २६ येशूले
त्यसलाई भन्नुभयो, "तिमीसित बोल्ने, म, उही हुँ।"

२७ अनि यही बीचमा उहाँका चेलाहरू आए, र उहाँलाई एउटी आइ-
माईसित बात गरिरहनुभएको देखेर छक्क परे; तापनि "तपाईं के
खोज्नुहुन्छ?" अथवा "तपाईं त्यससित किन बोल्नुहुन्छ?" भनेर कसैले
भनेन। २८ तब त्यो आइमाई आफ्नो गाग्रो छोड़ेर शहरमा गइहाली,
र मानिसहरूलाई यसो भनी, २९ "आओ, एक जना मानिसलाई हेर,
जसले मैले गरेको सबै काम मलाई बताइदिनुभयो ; ३० के यिनीनै
ख्रीष्ट ता हुनुहुन्न?" तब तिनीहरू शहरबाट निस्केर उहाँकहाँ आए।

३१ यसै बीचमा चेलाहरूले उहाँलाई यसो भनेर बिन्ती गरे,
"रब्बी, खानुहोस्।" ३२ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "मसित
खानालाई खानेकुरो छ, जो तिमीहरूलाई थाहा छैन।" ३३
यसकारण चेलाहरूले आपसमा भने, "के कसैले उहाँलाई खानालाई केही
ल्याइदिएको छ कि?" ३४ येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई

पठाउनेको इच्छा पूरा गर्नु, तथा उहाँको काम पूरा गर्नु नै मेरो
भोजन हो। ३५ के तिमीहरू भन्दैनौ, अझ चार महीना छन् तब बाली
काट्ने बेला आउँछ? हेर, म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा
गाड़ेर खेतबारीहरूलाई हेर, किनभने ती अहिलेनै कटानीको लागि पहेंला
छन्। ३६ जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, औ अनन्त
जीवनको लागि फल बटुल्छ, र छर्ने र काटने एकसाथ रमाऊन्।
३७ किनकि एक जनाले छर्दछ, औ अर्कोले काट्दछ, भन्ने वचन यसैमा
सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यसको कटानी गर्न पठाएँ, जसमा
तिमीहरूले परिश्रम गरेका छैनौ; अरूहरूले परिश्रम गरेका छन् औ
तिमीहरू तिनीहरूका परिश्रममा पसेका छौ।"

३९ अब 'मैले जे गरें उहाँले सबै मलाई भनिदिनुभयो' भनेर
गवाही दिने आइमाईको बातले गर्दा त्यस शहरबाट सामरीहरूमध्ये
धेरैले उहाँमाथि विश्वास गरे। ४० यसकारण जब सामरीहरू उहाँकहाँ
आए, तिनीहरूले उहाँलाई तिनीहरूकहाँ बास बस्नालाई बिन्ती गरे,
र उहाँ दुइ दिन त्यहाँ बस्नुभयो। ४१ अनि अरू धेरैले उहाँको
वचनको कारणले उहाँमाथि विश्वास गरे; ४२ र त्यस आइमाईलाई
तिनीहरूले भने, "अब यो होइन कि तिम्रो भनाइको कारणले हामी
विश्वास गर्दछौं, किनभने हामी आफैले सुनेका छौं, औ उहाँ साँच्चै
संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले थाहा पायौं।"

## गालीलमा येशूले राजाका अफिसरको छोरालाई निको पार्नुभएको

४३ ती दुइ दिनपछि त्यहाँबाट निस्केर उहाँ गालीलमा जानुभयो;
४४ किनभने येशू आफैले प्रमाण दिनुभयो, कि भविष्यवक्ताको आफ्नो

निज देशमा आदर हुँदैन। ४५ यसकारण जब उहाँ गालीलमा आउनु
भयो, तब उहाँले यरूसलेममा चाड़को बेलामा जे गर्नुभएको थियो,
ती सब काम देखेर गालीलीहरूले उहाँलाई स्वागत गरे; किनभने
तिनीहरू पनि चाड़मा गएका थिए।

४६ यसकारण उहाँ फेरि गालीलको कानामा आउनुभयो, जहाँ
उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो। औ एक जना भारा-
दार थिए, जसको छोरो कफर्नहुममा बिरामी थियो। ४७ येशू यहू-
दियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए,
औ आएर तिनका छोरालाई निको पारिदेऊन् भनी बिन्ती गरे, किनभने
त्यो मर्न लागेको थियो। ४८ येशूले तिनलाई भन्नुभयो, "तिमीहरू
चिह्नहरू र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।"
४९ भारादारले उहाँलाई भने, "हजूर, मेरो छोरो मर्नभन्दा अघिनै
आइदिनुहोस्न।" ५० येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो
बाँच्छ।" येशूले तिनलाई भन्नुभएको वचन विश्वास गरेर तिनी आफ्नो
बाटो लागे। ५१ अनि जब तिनी तल जाँदै थिए, तब तिनका चाकर-
हरूले तिनलाई भेटेर भने, "तपाइंको छोरो बाँच्यो।" ५२ यसकारण
तिनले तिनीहरूसित सोधपूछ गरे, "कुन घड़ीदेखि त्यसलाई सञ्चो हुन-
लाग्यो?" तिनीहरूले तिनलाई भने, "हिजो सातौं घड़ीदेखि*जरोले
तिनलाई छोड्यो।" ५३ येशूले तिनलाई "तिम्रो छोरो बाँच्छ" भनी
भन्नुभएको बेलादेखिनै हो रहेछ भनी बाबु चाहिँले थाहा पाए। अनि
तिनी आफै र तिनका सारा परिवारले विश्वास गरे। ५४ येशूले यहूदिया-
बाट गालीलमा आएर गर्नुभएको यो फेरि दोस्रो चिह्न हो।

---

* एक बजे दिउँसो

## बेथस्दाको दहको कूँजो मानिस

५ यी कुरा भएको केही पछि यहूदीहरूको चाड थियो, र येशू
यरूसलेममा जानुभयो।

२ यरूसलेममा भेड़ाढोकाको नजीक पाँच दलान भएको एउटा
दह छ, जो हिब्रूनीमा बेथस्दा भनिन्छ। ३ यिनमा रोगी, अन्धा,
लङ्गड़ा, अङ्ग सुकेकाहरूको भीड़ पानी छ्चल्किएको पर्खिरहनेहरू पर्खिरहन्थे;
४ ( किनभने प्रभुको एउटा दूत बेला बेलामा दहमा ओर्ली आउँथे, औ
पानी हल्लाइदिन्थे; औ पानी छ्चल्काएपछि जो पहिला भित्र पस्थ्यो,
कस्तै रोगले ग्रस्त भएको होस्, तापनि त्यो निको भइहाल्थ्यो। ) *
५ अब त्यहाँ अठ्तीस वर्षदेखि बिमारी भइरहेको एउटा मानिस थियो।
६ येशूले त्यसलाई पर्खिरहेको देखेर, औ अब धेरै समयदेखि त्यो यस
दशामा रहेको छ भनी जानेर, त्यसलाई भन्नुभयो, "के तिमी निको
हुने इच्छा गर्दछौ?" ७ रोगीले उहाँलाई जवाफ दियो, "हजूर,
पानी जुन बेला छचल्काइन्छ, मलाई दहमा हालिदिने मेरो कोही मानिस
छैन; तर म जाँदा जाँदै मभन्दा अघाड़ि अर्को मानिस ओर्लिहाल्छ।"
८ येशूले त्यसलाई भन्नुभयो, "उठ, आफ्नो ओछ्यान लिएर हिँड़।"
९ अनि तुरुन्तै त्यो मानिस निको भयो, औ आफ्नो ओछ्यान लिएर
हिँड़िहाल्यो।

१० त्यो दिन विश्रामको दिन थियो। यसकारण निको पारिएका
त्यस मानिसलाई यहूदीहरूले भने, "यो ता विश्रामको दिन हो,
तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई
जवाफ दियो, "जसले मलाई निको पार्नुभयो, उहाँले न मलाई भन्नुभयो,

* सीन हस्तलिपिमा यो लेखिएको छैन।

"आफ्नो ओछ्यान लिएर हिँड।" १२ तिनीहरूले त्यसलाई सोधे,
"तिमीलाई ओछ्यान बोकेर हिँड भन्ने मानिस को हो ता?" १३
तर निको भएको मानिसले उहाँ को हुनुहुन्छ भनी चिनेको थिएन,
किनभने त्यस ठाउँमा भीड़ भएको हुनाले येशू एकातिर लागिसक्नु भएको
थियो। १४ यी कुरा पछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो,
"हेर, तिमी निको भएका छौ, फेरि पाप नगर, र झन् खराब दशा तिमी-
माथि भइपरी नआओस्।" १५ त्यो मानिस गएर "मलाई निको पार्ने
ता येशू रहेछन्" भनी यहूदीहरूलाई भनिदियो। १६ अनि यसले
गर्दा यहूदीहरूले येशूलाई खेदो गर्नलागे, किनभने उहाँले यो काम
विश्रामको दिनमा गर्नभएको थियो। १७ तब येशूले तिनीहरूलाई
जवाफ दिनुभयो, "मेरा पिताले अफसम्म काम गर्नुहुन्छ, र म पनि
गर्दछु।" १८ यसकारण यसले गर्दा यहूदीहरूले उहाँलाई झन् मार्न खोजे,
किनकि उहाँले विश्रामको दिन भङ्ग गर्नु मात्र होइन, तर आफैलाई परमे-
श्वरको बराबरी तुल्याएर परमेश्वरलाई आफ्नै पिता भन्नुभयो।

## पिताउपरको आफ्नो भरोसा येशूले बताउनुभएको

१९ येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "साँचो साँचो
म तिमीहरूलाई भन्दछु, पिता जे गर्नहुन्छ, त्यो नदेखेसम्म पुत्र आफैले
केही गर्नसक्तैन, किनभने उहाँ जे गर्नुहुन्छ, पुत्रले तिनै काम त्यही
किसिमले गर्दछ। २० किनभने पिताले पुत्रलाई माया गर्नहुन्छ,
औ उहाँ आफैले गर्नुहुने सबै काम उसलाई देखाउनुहुन्छ; औ तिमीहरू
अचम्म मान भनेर यीभन्दा ठूला काम उहाँले उसलाई देखाउनुहुनेछ।
२१ किनभने जसरी पिताले मरेकाहरूलाई उठाउनु र जीवित पार्नुहुन्छ,
त्यसरीनै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवित पार्दछ।
२२ किनकि पिताले कसैको इन्साफ गर्नुहुन्न, तर सबै इन्साफ गर्ने काम

पुत्रलाई दिनुभएको छ; २३ किनकि जसरी तिनीहरूले पिताको आदर
गर्दछन्, उसरी सबैले पुत्रको पनि आदर गरून्। पुत्रको आदर
नगर्नेले उसलाई पठाउने पिताको पनि आदर गर्दैन। २४ साँचो साँचो
म तिमीहरूलाई भन्दछु, जसले मेरो बात सुन्छ र मलाई पठाउनेलाई
विश्वास गर्छ, उसमा अनन्त जीवन छ, औ त्यो इन्साफमा आउँदैन,
तर मृत्युदेखि जीवनमा सरिहालेको हुन्छ। २५ साँचो साँचो म
तिमीहरूलाई भन्दछु, त्यो बेला आउँछ, औ अहिलेनै हो, जब मरेका-
हरूले परमेश्वरको पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू जिउनेछन्।
२६ किनभने जसरी पिता आफमा जीवन छ, उसरीनै उहाँले पुत्रलाई
पनि आफैमा जीवन हुनालाई दिनुभएको छ, २७ औ उसलाई इन्साफ-
को फैसला गर्ने अधिकार दिनुभएको छ, किनभने उ मानिसको पुत्र
हो। २८ यसमा अचम्म नमान, किनभने बेला आउँछ, जसमा
चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्; २९ र भलो गर्नेहरू
जीवनको पुनरुत्थानको निम्ति, तर कुभलो गर्नेहरू चाहिँ इन्साफको
पुनरुत्थानको निम्ति निस्किआउनेछन्।

## येशूको गवाही

३० म आफै केही गर्न सक्तिनँ, जस्तो म सुन्छु, म इन्साफ गर्दछु,
औ मेरो इन्साफ ठीक छ, किनकि म आफ्नो इच्छा होइन, तर मलाई
पठाउनेको इच्छा खोज्दछु। ३१ मैले आफ्नो विषयमा गवाही दिएँ भने
मेरो गवाही सत्य हुँदैन। ३२ मेरो विषयमा गवाही दिने अर्कै छन्;
औ म जान्दछु, कि जे तिनले मेरो विषयमा गवाही दिन्छन्, त्यो गवाही
सत्य छ। ३३ तिमीहरूले यहन्नाकहाँ पठाएका छौ, औ उनले सत्यको

लागि गवाही दिएका छन्। ३४ तर जुन गवाही म ग्रहण गर्छु, त्यो
मानिसबाटको होइन, तापनि तिमीहरू सुरक्षित होओ भनी म यी कुरा
भन्दछु। ३५ उनी बल्दो र चहकिलो बत्ती थिए, औ तिमीहरू उनको
उज्यालोमा थोरै समयसम्म रमाउन राजी भयौ। ३६ तर ममा
यूहन्नाको भन्दा ठूलो गवाही छ; किनकि जुन कामहरू मैले गर्नालाई
पिताले मलाई दिनुभएको छ, ती काम जे म गर्दछु, ती आफैले
मेरो विषयमा, पिताले मलाई पठाउनुभएको हो भन्ने, गवाही दिन्छन्।
३७ औ मलाई पठाउने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको
छ। तिमीहरूले उहाँको सोर नता कुनै बेला सुनेका छौ, न उहाँका
रूपनै देखेका छौ। ३८ औ उहाँको वचन तिमीहरूमा रहँदैन
किनभने जसलाई उहाँले पठाउनुभयो, उसलाई तिमीहरू विश्वास गर्दैनौ।
३९ धर्मशास्त्रमा खोजी हेर, किनभने तिनमा तिमीहरूलाई अनन्त
जीवन छ भनी तिमीहरू सम्झन्छौ; औ मेरो विषयमा गवाही दिने
तिनै हुन्, ४० औ तिमीहरूमा जीवन होस् भनेर तिमीहरू मकहाँ
आउँदैनौ। ४१ म मानिसहरूबाटको महिमा ग्रहण गर्दिनँ;
४२ तर परमेश्वरको प्रेम तिमीहरू आफैमा छैन भनी म जान्दछु। ४३
म आफ्ना पिताको नाउँमा आएको छु, औ तिमीहरू मलाई ग्रहण गर्दैनौ;
अरू कोही आफ्नो नाउँमा आयो भने ता त्यसलाई ग्रहण गर्नेछौ।
४४ तिमीहरू, जो एउटाले अर्कोबाट महिमा लिन्छौ, औ एक मात्र
परमेश्वरबाट हुने महिमा खोज्दैनौ, कसरी विश्वास गर्नसक्छौ?
४५ नसम्झ कि म पिताको सामु तिमीहरूलाई खोट लाउनेछु; तिमी-
हरूलाई खोट लाउने ता एक, अर्थात् मोशा छन्, जसमा तिमीहरूले
आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गर्दा
हौ ता मलाई पनि विश्वास गर्ने थियौ, किनकि उनले मेरो विषयमा

लेखेका थिए। ४७ तर तिमीहरू उनका लेखौटनै विश्वास गर्दैनौ,
त मेरो कुरालाई कसरी विश्वास गर्नेछौ र?"

## येशूले पाँच हजारलाई खुवाउनुभएको

६ यी कुरा पछि येशू गालीलको, अर्थात् तिबेरियासको
समुद्रको पारिपट्टि जानुभयो। २ अनि ठूलो भीड़ उहाँको
पछि लाग्यो, किनभने उहाँले रोगीहरूमाथि जे गर्नुहुन्थ्यो ती चिह्नहरू
तिनीहरू हेर्थे। ३ येशू डाँड़ामाथि जानुभयो, र त्यहाँ आफ्ना चेला-
हरूसँग बस्नुभयो। ४ औ यहूदीहरूको चाड़, अर्थात् निस्तार चाड़
नजीक थियो। ५ तब येशूले आफ्ना नजर उठाएर एउटा ठूलो भीड़
आफूकहाँ आउँदै गरेको देखेर फिलिपलाई भन्नुभयो, "हामी
कहाँबाट रोटी किनौं, र यिनीहरूले खाऊन्?" ६ औ यो ता
उहाँले तिनको परीक्षा गर्दै भन्नुभएको थियो; किनभने उहाँले जे
गर्नलाग्नुभएको थियो, उहाँ आफैलाई थाहा थियो। ७ फिलिपले
उहाँलाई जवाफ दिए, "प्रत्येकले थोर थोरै पाए तापनि दुइ सय
दिनारका* रोटीले तिनीहरूलाई प्रशस्त हुँदैनन्।" ८ उहाँका चेला-
हरूमध्ये एकजना, शिमोन पत्रुसका दाज्यू अन्द्रियासले उहाँलाई भने,
९ "यहाँ एउटा ठिटो छ, जससँग जौका पाँच रोटी र दुइ माछा छन्;
तर यति धेरैका बीचमा यी के हुन् र?" १० येशूले भन्नुभयो, "मानिस-
हरूलाई बस्न लगाऊ।" त्यस जग्गामा धेरै घाँस थियो; यसैले
गिन्तीमा पाँच हजार जति मानिसहरू बसे। ११ तब येशूले रोटी
लिनुभयो, औ धन्यवाद चढ़ाएर बस्नेहरूलाई बाँड़िदिनुभयो; औ त्यसैगरी
माछा पनि, जति जति तिनीहरूले इच्छा गर्थे। १२ अनि जब तिनी-

* एक दिनार = एक अठन्नी जति।

हरू अघाए, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "उब्रेका टुक्राहरू
बटुल, र केही नष्ट नहोस्।" १३ तिनीहरूले बटुले, औ जो खानेहरूले
उबारेका थिए, जौका ती पाँच रोटीका टुक्राबाट बाह्र डाला भरे।
१४ यसकारण उहाँले गर्नुभएको यो चिह्न देखेर ती मानिसहरूले भने,
"संसारमा आउने भविष्यवक्ता साँच्चै उहाँनै हुनुहुँदोरहेछ।"

## येशू एकलास ठाउँमा जानुभएको र पानीमाथि हिँड्नुभएको

१५ यसकारण उहाँलाई राजा बनाउनालाई तिनीहरूले बलजफत्
गर्नआँटेका छन् भनी थाहा पाएर येशू फेरि आफू एक्लै डाँड़ामा
गइहाल्नुभयो।

१६ अनि जब साँझ पर्‍यो उहाँका चेलाहरू समुद्रतिर ओर्ले;
१७ औ डुङ्गामा चढ़ेर तिनीहरू समुद्रपारि कफर्नहुमतिर गइरहेका थिए।
अब अँध्यारो भएको थियो, अझसम्म येशू तिनीहरूकहाँ आउनु-
भएको थिएन। १८ औ ठूलो बतासको कारण समुद्रको पानी खल्बल्याइरहेको
थियो। १९ तिनीहरू डेढ़ कि दुइ कोस जति डुङ्गा खियाएर गएपछि
येशूलाई समुद्रमाथि हिँड्दै र डुङ्गाको नजीक आउँदै गर्नुभएको देखेर
तिनीहरू डराए। २० तर उहाँले तिनीहरूलाई भन्नुभयो, "म हुँ;
नडराओ।" २१ तब तिनीहरूले उहाँलाई डुङ्गामा ल्याउने इच्छा गरे,
अनि जुन ठाउँमा तिनीहरू गइरहेका थिए, डुङ्गा तुरुन्तै त्यस ठाउँमा आइपुग्यो।

## मानिसहरूले एउटा चिह्न मागेका

२२ भोलिपल्ट समुद्रपारि उभिरहेको भीड़ले त्यहाँ एउटा डुङ्गाबाहेक
अर्को नभएको, र येशू आफ्ना चेलाहरूसँग डुङ्गामा नहुनुभएको तर
उहाँका चेलाहरू मात्र गएका थाहा पायो। २३ (तैपनि तिबेरि-
यासबाट अरू डुङ्गाहरू त्यस जग्गाको नजीक आए, जहाँ प्रभुले धन्य-

बाद चढ़ाएपछि तिनीहरूले रोटी खाएका थिए ); २४ यसकारण जब
भीड़ले नता उहाँका चेलाहरू न येशू त्यहाँ हुनुभएको देख्यो, तब
तिनीहरू आफै डुङ्गामा चढ़ेर येशूलाई खोज्दै कफर्नहुममा आए। २५
अनि तिनीहरूले उहाँलाई समुद्रपारि भेट्टाएर भने, "रब्बी, तपाइं यहाँ
कहिले आउनुभयो?"

## जीवनको रोटी

२६ येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "साँचो साँचो म
तिमीहरूलाई भन्दछु, तिमीहरू चिह्नहरू देखेका कारणले होइन, तर रोटी
खाएर अघाएकाले मलाई खोज्दछौ। २७ नष्ट हुने खानेकुराको निम्ति
होइन, तर अनन्त जीवनसम्म रहने खानेकुराको निम्ति काम गर, जो
मानिसको पुत्रले तिमीहरूलाई दिनेछ; किनभने पिता, अर्थात् परमे-
श्वरले उमाथि छाप लगाउनुभएको छ।" २८ यसकारण तिनीहरूले उहाँ-
लाई भने, "परमेश्वरका काम गर्नालाई हामीले के गर्नुपर्छ?" २९ येशूले
तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "परमेश्वरको काम यो हो, कि
जसलाई उहाँले पठाउनुभयो, उसलाई विश्वास गर।" ३० यसैले तिनीहरूले
उहाँलाई भने, "तपाइं के चिह्न गर्नुहुन्छ, र हामीहरू हेरौं, र तपाइंलाई
विश्वास गरौं? तपाइं के काम गर्नुहुन्छ? ३१ हाम्रा पुर्खाहरूले वनमा
मन्न* खाए जसरी लेखिएको छ, 'उहाँले तिनीहरूलाई खानालाई स्वर्गबाट
रोटी दिनुभयो,'।" ३२ येशूले तिनीहरूलाई भन्नुभयो, "साँचो साँचो
म तिमीहरूलाई भन्दछु, मोशाले तिमीहरूलाई स्वर्गबाट रोटी दिएका
होइनन्; तर मेरा पिताले तिमीहरूलाई स्वर्गबाट साँच्चिको रोटी दिनुहुन्छ।
३३ किनभने परमेश्वरको रोटी त्यही हो, जो स्वर्गबाट ओर्लिआउँछ, र जगत्-
लाई जीवन दिन्छ।" ३४ यसकारण तिनीहरूले उहाँलाई भने, "हजूर, यो रोटी

* स्वर्गबाट दिएको खाद्य पदार्थ।

हामीहरूलाई सधैँ दिनुहोस् ।" ३५ येशूले तिनीहरूलाई भन्नुभयो,
"जीवनको रोटी मनै हुँ; मकहाँ आउने भोकाउनेछैन, र मलाई
विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन । ३६ तर मैले तिमीहरूलाई भनें,
तिमीहरूले मलाई देखेका छौ, र पनि विश्वास गर्दैनौ । ३७ सबै जो पिताले
मलाई दिनुहुन्छ मकहाँ आउनेछ र मकहाँ आउनेलाई म कुनै रीतिले
त्यागनेछैन । ३८ किनभने म आफ्नो इच्छा होइन, तर मलाई पठाउने-
को इच्छा पूरा गर्नालाई स्वर्गबाट ओर्लिआएको हुँ । ३९ औ मलाई
पठाउनेको इच्छा यो हो, अर्थात् उहाँले सबै जो मलाई दिनुभएको
छ, त्यसबाट केही नहराऊँ, तर त्यसलाई पछिल्लो दिनमा बिउँताऊँ ।
४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि
विश्वास गर्ने प्रत्येकमा अनन्त जीवन होस्; औ म त्यसलाई पछिल्लो
दिनमा बिउँताउनेछु ।"

४१ यसकारण यहूदीहरू उहाँको विषयमा गनगनाए, किनभने उहाँले
भन्नुभयो, "म स्वर्गबाट ओर्लिआएको रोटी हुँ ।" ४२ अनि तिनीहरूले
भने, "के यो यूसुफको छोरो येशू होइन ? जसका बाबु र आमालाई
हामी चिन्छौं । यसले कसरी अहिले म स्वर्गबाट ओर्लिआएको हुँ भनी
भन्दछ ?" ४३ येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
आपसमा नगनगनाओ । ४४ मलाई पठाउने पिताले त्यसलाई खिँच्नु-
भएन भने कोही मकहाँ आउनसक्तैन; औ म त्यसलाई पछिल्लो दिनमा
बिउँताउनेछु । ४५ 'अनि ती सबै जना परमेश्वरबाट सिकाइएका
हुनेछन्' भनी भविष्यवक्ताहरूका पुस्तकमा लेखिएको छ । पिताबाट सुन्ने
र सिक्ने प्रत्येक मकहाँ आउँछ । ४६ कसैले पितालाई देखेको छैन,
केवल जो परमेश्वरबाटको हो, उसैले मात्र पितालाई देखेको छ । ४७ साँचो
साँचो म तिमीहरूलाई भन्दछु, विश्वास गर्नेलाई अनन्त जीवन छ ।

४८ जीवनको रोटी मनै हुँ। ४९ तिमीहरूका पिता-पुर्खाहरूले वनमा मन्न
खाए, र मरे। ५० स्वर्गबाट ओर्हने रोटी यही हो, कोही मानिस त्यो खाएर
नमरोस्। ५१ स्वर्गबाट आर्हेको जीवित रोटी मनै हुँ; यो रोटी कोही
मानिसले खायो भने सधैंभरि जिउनेछ, औ त्यो रोटी, जो म संसारको
जीवनको लागि दिनेछु, मेरो देह हो।"

५२ तब 'यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिनसक्छ?'
भन्दै यहूदीहरूले आपसमा विवाद गरे। ५३ यसकारण येशूले तिनी-
हरूलाई भन्नुभयो, "साँचो साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरूले
मान्छेको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरू
आफैमा जीवन हुँदैन। ५४ मेरो देह खाने र मेरो रगत पिउनेलाई
अनन्त जीवन हुन्छ, औ म त्यसलाई पछिल्लो दिनमा बिउँताउनेछु;
५५ किनभने मेरो देह साँच्चिकै खानेकुरो हो, औ मेरो रगत साँच्चि-
कै पिउने कुरो हो? ५६ मेरो देह खाने, र मेरा रगत पिउने
चाहिँ ममा रहन्छ, औ म त्यसमा। ५७ जसरी जीवित पिताले
मलाई पठाउनुभयो, औ म पिताद्वारा जिउँछु, मलाई खाने पनि मद्वारा
जिउनेछ। ५८ स्वर्गबाट आएको रोटी यो हो। जसरी पिता-पुर्खाहरूले
खाए र मरिहाले त्यस्तो होइन; यो रोटी खाने चाहिँ सधैंभरि
जिउनेछ।"

५९ उहाँले यी कुरा कफर्नहुममा सभाघरमा शिक्षा दिँदा
भन्नुभएको हो।

## शङ्का गर्ने चेलाहरू

६० यो सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, "यो वचन
कठोर छ; को यो सुन्न सक्छ र?" ६१ तर उहाँका चेलाहरू यस
विषयमा गनगनाउँछन् भनी येशू आफैले जानेर तिनीहरूलाई भन्नुभयो,

"के यसले तिमीहरूलाई बाधा दिन्छ? ६२ तिमीहरूले मानिसको पुत्र-
लाई जहाँ उ अघि थियो त्यता उक्लँदै गरेको देख्यौ भने नि कसो?
६३ बिउँताउने आत्मा हुन्, देहले केही फायदा दिँदैन; ती कुरा जो मैले
तिमीहरूसित गरेको छु, आत्मा र जीवन हुन्; ६४ तर तिमीहरूमध्ये
कति छौ, जो विश्वास गर्दैनौ।" किनभने शुरुदेखि येशूले विश्वास
नगर्नेहरू को को हुन्, र उहाँलाई धोखा दिने को हुनेछ भनी थाहा
पाउनुभएको थियो। ६५ अनि उहाँले भन्नुभयो, "यसैकारण मैले
तिमीहरूलाई भनेको हुँ, यदि पिताबाट दिइएको छैन भने कोही मकहाँ
आउनसक्तैन।"

६६ यसपछि उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग
फेरि हिँड्डुल गरेनन्।

## येशूनै ख्रीष्ट हो भन्ने पत्रुसको स्वीकार

६७ यसकारण येशूले बाह्रैलाई भन्नुभयो, "के तिमीहरू पनि गइ-
हाल्ने इच्छा गर्दछौ?" ६८ शिमोन पत्रुसले उहाँलाई जवाफ दिए,
"हे प्रभु हामीहरू कसकहाँ जाऔं? अनन्त जीवनका कुरा तपाईंसँग
छन्; ६९ औ तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ भनी हामीले
विश्वास गरेका र जानेका छौं।" ७० येशूले तिनीहरूलाई जवाफ
दिनुभयो, "के मैले तिमीहरू बाह्रै जनालाई छानिनँ? औ तिमीहरूमध्ये
एक जना शैतान छ।" ७१ यो उहाँले शिमोन इस्करियोतीको छोरो
यहूदाको विषयमा भन्नुभएको थियो, किनभने त्यसले बाह्रैमध्ये एक
भएर पनि उहाँलाई धोखा दिनआँटेको थियो।

## येशू र उहाँका भाइहरू

७ यी कुरापछि येशू गालीलमानै घुमफिर गर्नुभयो। उहाँले यहूदियामा
घुमफिर गर्ने इच्छा गर्नुभएन, किनभने यहूदीहरूले उहाँलाई मार्न खोजेका
थिए। २ अब यहूदीहरूको डेराबासको चाड़ नजीकै थियो। ३ यस-
कारण उहाँका भाइहरूले उहाँलाई भने, "यहाँबाट यहूदियामा गइहाल,
र तिम्रा चेलाहरूले पनि तिम्रा कामहरू, जे तिमी गर्दछौ देखून्। ४
किनभने कोही मानिस छैन, जसले केही काम गुप्तमा गर्दछ, औ आफू
खुल्लमखुल्ला प्रकट हुन खोज्दछ। तिमी यी कामहरू गर्दछौ भने आफू-
लाई जगत्‌मा प्रकट गराऊ।" ५ किनकि उहाँका भाइहरूले पनि उहाँ-
लाई विश्वास गर्दैन थिए। ६ यसकारण येशूले तिनीहरूलाई भन्नुभयो,
"मेरो बेला अझ आएको छैन, तर तिमीहरूको बेला सधैं तयार छ।
७ संसारले तिमीहरूलाई घृणा गर्नसक्तैन, तर मलाई ता घृणा गर्दछ;
किनकि म त्यसको विषयमा त्यसका कामहरू दुष्ट छन् भनी साक्षी दिन्छु।
८ तिमीहरू यस चाड़मा जाओ, म यस चाड़मा जान्नँ, किनभने मेरो
बेला अझ पूरा भएको छैन।" ९ अनि तिनीहरूलाई यी कुरा भनेर उहाँ
गालीलमै रहनुभयो।

१० तर उहाँका भाइहरू चाड़मा माथि गए, तब उहाँ पनि प्रकट
गरी होइन, तर गुप्तमा जस्तै गरी जानुभयो। ११ अब चाड़मा यहूदी-
हरूले उहाँलाई खोजेर भने, "उनी कहाँ छन्।" १२ अनि भीड़-
हरूमा उहाँका विषयमा धेरै गनगन भयो। कोही भन्थे, "उनी असल
छन्"; तर अरूहरू भन्थे, "होइन, तर मानिसहरूलाई भर्माउँछन्।"
१३ तैपनि कोही उहाँको विषयमा यहूदीहरूको डरले गर्दा खुल्लमखुल्ला
बोल्दैन थिए।

## 'म परमेश्वरकोतर्फबाट आएको हुँ' भनी येशूले यरूसलेममा शिक्षा दिनुभएको

१४ अब मध्य चाड़मा येशू मन्दिरभित्र पस्नुभयो, र शिक्षा दिनुभयो।
१५ यहूदीहरू यसो भन्दै अचम्म माने, "नपढीकन पनि यिनले
कसरी विद्या जान्दछन्?" १६ तब येशूले जवाफ दिई तिनीहरूलाई
भन्नुभयो, "मेरो शिक्षा मेरै होइन, तर मलाई पठाउनेको हो। १७ यदि
कुनै मानिसले उहाँको इच्छा पालन गर्नचाहन्छ भने, यस शिक्षाको
विषयमा उसले यो जान्नेछ, कि यो परमेश्वरतर्फबाट हो, कि म
आफ्नैतर्फबाट बोल्दछु। १८ जसले आफ्नैतर्फबाट बोल्दछ, उसले
आफ्नै महिमा खोज्दछ; तर जसले आफूलाई पठाउनेको महिमा
खोज्दछ, त्यही सत्य हो, र उसमा अधार्मिकता हुँदैन। १९ के मोशाले
तिमीहरूलाई व्यवस्था दिएनन्? तैपनि तिमीहरू कसैले त्यो व्यवस्था
पालन गर्दैनौ। तिमीहरू किन मलाई मार्नखोज्दछौ?" २० भीड़ले
जवाफ दियो, "तिमीलाई भूत लागेको छ; कसले तिमीलाई मार्न
खोज्दछ र?" २१ येशूले जवाफ दिई तिनीहरूलाई भन्नुभयो, "एउटै
काम मैले गरें, रपनि तिमीहरू आश्चर्य मान्दछौ। २२ यसैकारण मोशाले
तिमीहरूलाई खतनाको रीति दिएका छन् (त्यो मोशाको तर्फबाट ता
होइन, तर पिता-पुर्खाहरूबाट हो), रपनि विश्रामको दिनमा तिमीहरू
मानिसलाई खतना गर्दछौ। २३ मोशाको व्यवस्था भङ्ग नहोस् भनेरनै
यदि कुनै मानिसले विश्रामको दिनमा खतना लिन्छ भने, मैले एउटा मानिस-
लाई विश्रामको दिनमा पूरै निको पारिदिएँ भनेर के तिमीहरू
मसित रिस गर्दछौ? २४ मुख हेरेर इन्साफ नगर, तर धार्मिक इन्साफ
गर।"

२५ अब यरूसलेमीहरूमध्ये कसै कसैले भने, "के यिनी उही होइनन्,
जसलाई तिनीहरू मार्नखोज्छन्। २६ औ हेर, यिनी खुल्लमखुल्ला बोल्द-
छन्, औ तिनीहरू यिनलाई केही भन्दैनन्। के यिनीनै खीष्ट हुन् भनेर
शासकहरूले साँच्चै थाहा पाए ?

## जीवित पानी

२७ तैपनि यिनी कहाँका हुन्, यिनलाई हामी चिन्छौं;
तर जब खीष्ट आउनुहुन्छ, उहाँ कहाँका हुनुहुन्छ कसैले थाहा पाउँदैन।"
२८ यसकारण येशू मन्दिरमा सिकाउँदै र यसो भन्दै कराउनुभयो, "तिमीहरू
मलाई चिन्छौ पनि, र कहाँको हुँ ? त्यो पनि जान्दछौ ; म आफ्नैतर्फ-
बाट आएको होइन, तर मलाई पठाउने सच्चा हुनुहुन्छ, जसलाई तिमीहरू
चिन्दैनौ। २९ म उहाँलाई चिन्दछु, किनभने म उहाँकै तर्फबाट
आएको हुँ, औ उहाँले मलाई पठाउनुभएको हो।" ३० यसकारण
तिनीहरूले उहाँलाई पक्रन खोजे, तर कसैले उहाँमाथि हात हालेन, किनभने
उहाँको समय अझै आइपुगेको थिएन। ३१ तर भीडमध्ये धेरैले उहाँमाथि
विश्वास गरे, र भने, "जब खीष्ट आउनुहुनेछ, तब के यिनले गरेका
योभन्दा बढ्ता चिह्न उहाँले गर्नुहोला र ?" ३२ फरिसीहरूले भीड़लाई
उहाँको विषयमा गनगनाउँदै गरेका सुनेर मुख्य पूजाहारीहरू र फरिसीहरूले
उहाँलाई पक्रनालाई अफिसरहरू पठाए। ३३ तब येशूले भन्नुभयो, "अझ
केही समयसम्म म तिमीहरूसँग हुन्छु, अनि म मलाई पठाउनेकहाँ गइ-
हाल्छु। ३४ तिमीहरूले मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, औ जहाँ
म हुन्छु, तिमीहरू आउनसक्तैनौ।" ३५ तब यहूदीहरूले आपसमा भने,
"यिनी कहाँ जानआँटेका छन्, र हामी यिनलाई भेट्टाउनेछैनौं ? के यिनी
यूनानीहरूका बीचमा तितरबितर भएकाहरूमा जान र यूनानीहरूलाई सिका-
उनआँटेका छन् र ? ३६ यिनले भनेको यो कस्तो वचन हो ? 'तिमीहरू

मलाई खोज्नेछौ, तर भेट्टाउनेछैनौ, औ जहाँ म हुन्छु, तिमीहरू आउसक्तैनौ' ?"

३७ अब चाड़को पछिल्लो दिन, अर्थात् बड़ा दिनमा, येशू उभिएर यसो भन्दै कराउनुभयो, "कोही तिर्खाउँछ भने, त्यो मकहाँ आओस्, र पिओस् । ३८ जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार, त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन् ।" ३९ तर यो कुरो उहाँले आत्माको विषयमा भनुभयो, जो उहाँमाथि विश्वास गर्नेहरूले पाउनआँटेका थिए ; किनकि आत्मा अहिलेसम्म दिनुभएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन । ४० यसकारण भीड़मध्ये यी कुरा सुन्ने कोही कोहीले भने, "साँच्चिकै यिनी भविष्यवक्ता रहेछन् ।" ४१ अरूहरूले भने, "यिनी ख्रीष्ट हुन् ।" तर कसै कसैले भने, "के ख्रीष्ट गालीलबाट आउँछन् र ?" ४२ के धर्मशास्त्रमा भनेको छैन ? 'ख्रीष्ट दाऊदका सन्तानबाट र बेतलेहेम गाउँबाट आउँछन्, जहाँ दाऊद थिए' ।" ४३ यसैले भीड़मा उहाँका निम्ति फाटो भयो । ४४ तिनीहरूमध्ये कोहीले उहाँलाई पक्रने मन गरे, तर उहाँमाथि कसैले पनि हात हालेन ।

४५ तब मुख्य पूजाहारीहरू र फरिसीहरूकहाँ अफिसरहरू आए, र तिनीहरूले यिनीहरूलाई भने, "तिमीहरूले उहाँलाइ किन ल्याएनौ ?" ४६ अफिसरहरूले जवाफ दिए, "यस मानिसले जस्तो ता कुनै मानिसले कहिल्यै बोलेन ।" ४७ तब फरिसीहरूले तिनीहरूलाई जवाफ दिए, "के तिमीहरू पनि भ्रममा पर्‍यौ ? ४८ के शासकहरू अथवा फरिसीहरूमध्ये कसैले उसलाई विश्वास गर्‍यो ? ४९ तर व्यवस्था नजान्ने यो भीड़ श्रापित छ ।" ५० ( राती उहाँकहाँ आउने, र तिनीहरूमध्ये एक जना भएर ) निकोदेमसले तिनीहरूलाई भने, ५१ "के हाम्रो व्यवस्थाले

पहिले मानिसबाटनै नसुनी, र त्यसले के गर्दछ सो जानीकन, मानिसको
इन्साफ गर्दैन र ?" ५२ तिनीहरूले उनलाई जवाफ दिई भने, "के तिमी
पनि गालीलका हौ ? खोजेर हेरन, गालीलबाट ता भविष्यवक्ता निस्कँदैनन् ।"
५३ अनि हरेक मानिस आफ्ना आफ्ना घरमा गए ।

## व्यभिचारमा पक्रिएकी स्त्री

८ तर येशू जैतून डाँडामा जानुभयो । २ अनि एका बिहानै उहाँ फेरि
मन्दिरमा आउनुभयो, र सबै मानिसहरू उहाँकहाँ आए; औ बसेर
उहाँले तिनीहरूलाई शिक्षा दिनुभयो । ३ अब शास्त्री र फरिसीहरूले
व्यभिचारमा पक्रिएकी एउटी आइमाईलाई ल्याए, र त्यसलाई माझमा
उभ्याए, ४ औ तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो आइमाई
व्यभिचार गर्दागर्दै पक्राउपरी । ५ अब व्यवस्थामा मोशाले यस्तीहरूलाई
ढुङ्गाले हान्ने आज्ञा हामीलाई दिएका छन् ; अब तपाईं यसको बारेमा के
भन्नुहुन्छ ?" ६ तर यो तिनीहरूले उहाँको परीक्षा गरेर उहाँलाई दोष
लगाउनाको निम्ति भनेका थिए । तर येशूले निहुरेर भुइँमा औंलाले
लेख्नुभयो । ७ तर जब तिनीहरूले उहाँलाई सोध्दैरहे, उहाँले सोझो
भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा पापरहित जो छ, उसैले
पहिले त्यसलाई ढुङ्गाले हानोस् ।" ८ अनि फेरि निहुरेर उहाँले भुइँमा
औंलाले लेख्नुभयो । ९ औ तिनीहरू यो सुनेर ठूलादेखि शुरू
गरी सानासम्म एक एक गरेर निस्केर गए; औ येशू एक्लै छोड्नुभयो,
र त्यो आइमाई चाहिँ जहाँ त्यो अघि माझमा थिई, त्यहीनै ।
१० औ येशू आफै सोझो भएर त्यसलाई भन्नुभयो, "ए नारि, तिमी-
लाई दोष लाउनेहरू कहाँ छन् ? के कसैले तिमीलाई दोषी ठहराएन ।"
११ त्यसले भनी, "हे प्रभु, कसैले पनि ठहराएन ।" येशूले भन्नुभयो,
"म पनि तिमीलाई दोषी ठहराउँदिनँ; जाऊ अब फेरि पाप नगर ।"

## संसारको ज्योति

१२ तब येशूले फेरि तिनीहरूलाई यसो भन्नुभयो, "म संसारको
ज्योति हुँ; मपछि लाग्ने अँध्यारोमा हिँड्डुल गर्नेछैन, तर त्यसले
जीवनको ज्योति पाउनेछ।" १३ यसकारण फरिसीहरूले उहाँलाई भने,
"तिमी आफ्नै विषयमा गवाही दिन्छौ; तिम्रो गवाही सत्य छैन।"
१४ येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "म आफ्नै विषयमा
गवाही दिन्छु, तापनि मेरो गवाही सत्य छ, किनभने म जान्दछु, म
कहाँबाट आएँ र कहाँ जान्छु; तर म कहाँबाट आउँछु र कहाँ जान्छु,
त्यो तिमीहरू जान्दैनौ। १५ तिमीहरू शरीरअनुसार इन्साफ
गर्दछौ, म कसैको इन्साफ गर्दिनँ। १६ अँ, औ मैले इन्साफ गरे भने
पनि, मेरो इन्साफ सत्य हुन्छ, किनभने म एकलै छैनँ, तर म र मलाई
पठाउने पिता छौं। १७ तिमीहरूको व्यवस्थामा पनि दुइ मानिस-
को गवाही सत्य हुन्छ भनी लेखिएको छ। १८ आफ्ना विषयका
गवाही दिने मनै हुँ, र मलाई पठाउने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ।"
१९ यसकारण तिनीहरूले उहाँलाई भने, "तिम्रा पिता कहाँ छन् ता?"
येशूले जवाफ दिनुभयो, "तिमीहरू नता मलाई चिन्छौ, न मेरा
पितालाई। मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्ने
थियौ।" २० यी कुरा उहाँले मन्दिरमा सिकाउनुहुँदा ढुकुटीमा भन्नु-
भएको हो; अनि कसैले उहाँलाई पक्रेन, किनभने उहाँको बेला अझ
आएको थिएन।

---

( ७ अध्यायको ५३ पददेखि ८ अध्यायको ११ पदसम्म
कोही कोही पुरानो हस्तलिपिमा पाइँदैनन्।)

## भावी इन्साफको चताउनी

२१ यसकारण उहाँले फेरि तिनीहरूलाई भन्नुभयो, "म गइहाल्छु,
औ तिमीहरू मलाई खोज्नेछौ, र आफ्ना पापमा मर्नेछौ ; जहाँ म
जान्छु तिमीहरू आउनसक्नैनौ।" २२ यहूदीहरूले भने, "के उनी
आफैंले आफैलाई मार्नेछन्? र भन्दछन् जहाँ म जान्छु तिमीहरू
आउनसक्नैनौ।" २३ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
तलका हौ, म माथिको हुः तिमीहरू यस संसारका हौ, म यस
संसारको होइनँ। २४ यसैकारण मैले तिमीहरूलाई भनें, तिमीहरू
आफ्ना पापमा मर्नेछौ ; किनभने तिमीहरूले म उही हुँ भनेर विश्वास गरेनौ
भने आफ्ना पापमा मर्नेछौ।" २५ यसकारण तिनीहरूले उहाँलाई भने,
"तिमी को हौ ता?" येशूले तिनीहरूलाई भन्नुभयो, "म बिलकुलै उही हुँ,
जो म तिमीहरूलाई पहिलेदेखिनै भन्दै पनि छु। २६ मैले तिमीहरूका
विषयमा धेरै भन्नु र इन्साफ गर्नुछ ; तैपनि मलाई पठाउने सत्य हुनुहुन्छ,
औ जे उहाँबाट मैले सुनें, तिनै कुरा म संसारलाई भन्दछु।"
२७ पिताका विषयमा उहाँले तिनीहरूलाई भन्नुभएको हो भनी तिनी-
हरूले बुझेनन्। २८ यसकारण येशूले भन्नुभयो, "जब तिमीहरूले
मान्छेको पुत्रलाई उचालेका हुनेछौ, तब म उही हुँ, औ म आफै केही
गर्दिनँ, तर जसो पिताले मलाई सिकाउनुभयो, तिनै कुरा बोल्दछु भनेर
तिमीहरूले थाहा पाउनेछौ ; २९ औ मलाई पठाउने मसँग हुनुहुन्छ ;
उहाँले मलाई एकलै छोड्नु भएको छैन, किनभने म सधैं उहाँलाई मन
पर्ने कुराहरू गर्दछु।"

३० उहाँले यी कुराहरू बोल्नुहुँदा धेरैले उहाँमाथि विश्वास गरे।

## यहूदीहरूसँगको वाद-विवाद

३१ येशूले उहाँमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमी

हरू मेरो वचनमा रह्यौ भने साँच्चै मेरा चेलाहरू हौ। ३२ औ सत्य के
हो, सो तिमीहरूले जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"
३३ तिनीहरूले उहाँलाई जवाफ दिए, "हामीहरू अब्राहामका सन्तान
हौं, औ अहिलेसम्म कसैका दास भएका छैनौं ; त तिमीहरू स्वतन्त्र हुनेछौ
भनी तिमी कसरी भन्छौ ?" ३४ येशूले तिनीहरूलाई जवाफ दिनुभयो,
"साँचो साँचो म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक पापको दास
हो। ३५ अब दास घरमा सधैंभरि रहँदैन ; तर पुत्रचाहिँ सधैंभरि रहन्छ।
३६ यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने, तिमीहरू निश्चय
स्वतन्त्र हुनेछौ। ३७ म जान्दछु, तिमीहरू अब्राहामका सन्तान हौ ;
तर तिमीहरू मलाई मार्न खोज्दछौ, किनभने तिमीहरूमा मेरो वचनले
जग्गै पाउँदैन। ३८ जे जे मैले मेरा पिताकहाँ देखेको छु, ती म
भन्दछु ; औ तिमीहरूले पनि जे तिमीहरूका पिताबाट सुनेका छौ,
ती गर्दछौ।" ३९ तिनीहरूले उहाँलाई जवाफ दिएर भने, "हामीहरूका
पिता अब्राहाम हुनुहुन्छ।' येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू
अब्राहामका सन्तान हौ भनेता अब्राहामका काम गर्ने थियौ। ४० तर
अहिले तिमीहरू मलाई मार्न खोज्दछौ, अर्थात् म एउटा मान्छेलाई,
जसले सत्य कुरा तिमीहरूलाई भन्दैआएको छ, जे उसले परमेश्वरबाट
सुन्यो। यो ता अब्राहामले गरेनन्। ४१ तिमीहरू ता तिमीहरूका
पिताका काम गर्दछौ।" तिनीहरूले उहाँलाई भने, "हामी व्यभिचारमा
जन्मिएका होइनौं ; हामीहरूका एउटै पिता हुनुहुन्छ, अर्थात् परमेश्वर।"
४२ येशूले तिनीहरूलाई भन्नुभयो, "परमेश्वर तिमीहरूका पिता हुनुहुँदो
हो ता तिमीहरूले मलाई प्रेम गर्ने थियौ, किनभने म परमेश्वरतर्फबाट
आएँ, औ आएको छु; नता म आफ्नैतर्फबाट आएको हुँ, तर उहाँले
मलाई पठाउनुभयो। ४३ तिमीहरू किन मेरो कुरा बुझ्दैनौ ? किनभने

मेरो कुरा सुन्नसक्दैनौ । ४४ तिमीहरू तिमीहरूका पिता, शैतानका-
तर्फबाटका हौ, औ आफ्नै पिताका अभिलाषा गर्ने इच्छा गर्छौ । त्यो
ता शुरूदेखिनै हत्यारा थियो, र सत्यमा ठहरेन, किनभने त्यसमा
सत्य छँदैछैन । जब त्यसले झूट बोल्दछ, त त्यो आफ्नैतर्फबाट
बोल्दछ ; किनभने त्यो झूट, र झूटको पिता हो । ४५ तर म सत्य बोल्दछु,
यसैकारण तिमीहरू मलाई विश्वास गर्दैनौ । ४६ तिमीहरूमध्ये कसले
मलाई पापको बारेमा दोष लगाउँछ ? औ म सत्य बोल्दछु भने, त
किन तिमीहरू मलाई विश्वास गर्दैनौ ? ४७ जो परमेश्वरको हो, त्यसले परमेश्वर
को कुरा सुन्दछ; तिमीहरू यही कारणले सुन्दैनौ, किनभने तिमीहरू
परमेश्वरको तर्फबाट होइनौ ।" ४८ यहूदीहरूले उहाँलाई जवाफ दिई
भने, "तिमी सामरी हौ, र तिमीलाई भूत लागेको छ भनेर के हामी
ठीकै भन्दैनौं ?" ४९ येशूले जवाफ दिनुभयो, "मलाई भूत लागे-
को छैन; तर म आफ्ना पिताको आदर गर्दछु, औ तिमीहरू मेरो
अनादर गर्दछौ । ५० म आफ्नै महिमा खोजिदनँ; खोज्ने र फैसला
गर्ने एउटा छन् । ५१ साँचो साँचो म तिमीहरूलाई भन्दछु, कसैले
मेरो वचन पालन गर्छ भने, त्यसले कहिल्यै पनि मृत्यु देख्नेछैन ।" ५२
यहूदीहरूले उहाँलाई भने, "तिमीलाई भूत लागेको रहेछ भनी अब
हामीले थाहा पायौं । अब्राहाम र भविष्यवक्ताहरू मरे, औ तिमी
भन्दछौ, कि कसैले मेरो वचन पालन गर्यो भने, त्यसले कहिल्यै पनि
मृत्यु पाउनेछैन । ५३ के हाम्रा मरेका पिता अब्राहाम र भविष्यवक्ता-
हरूभन्दा तिमी ठूला हौ र ? तिमी आफूलाई के तुल्याउँछौ ?" ५४
येशूले जवाफ दिनुभयो, "म आफ्नै महिमा गर्दछु भने मेरो
महिमा केही होइन। मलाई महिमा गर्ने मेरा पिता हुनुहुन्छ,
जसलाई तिमीहरू हाम्रा परमेश्वर भन्दछौ । ५५ औ तिमीहरूले

ता उहाँलाई चिनेका छैनौ, तर म उहाँलाई चिन्छु; औ यदि म
उहाँलाई चिन्दिनँ भन्छु भनेता, म तिमीहरू जस्तै झूटा हुनेछु ।
तर म उहाँलाई चिन्छु, र उहाँको वचन पालन गर्दछु । ५६
तिमीहरूका पिता अब्राहाम मेरो दिन देख्नालाई प्रफुल्लित थिए,
औ देखेर रमाए ।" ५७ यसकारण यहूदीहरूले उहाँलाई भने, "तिमी
अझै पचास वर्षका भएका छैनौ, त के अब्राहामलाई देखेका छौ
र ?" ५८ येशूले तिनीहरूलाई भन्नुभयो, "साँचो साँचो म तिमी-
हरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिदेखिनै म छँदैछु ।" ५९ तिनी-
हरूले उहाँलाई हान्न भनी ढुङ्गा टिपे; तर येशू लुक्नुभयो, औ मन्दिर-
बाट बाहिर निस्किजानुभयो ।

## जन्मैको अन्धालाई येशूले निको पार्नुभएको

९ अनि जाँदा जाँदै उहाँले एउटा जन्मैको अन्धालाई देख्नुभयो ।
२ औ उहाँका चेलाहरूले उहाँलाई यसो भन्दै सोधे, "हे गुरु, कसले पाप
गर्‍यो, यसले कि यसका आमा-बाबुले ? र यो अन्धा जन्म्यो ।"
३ येशूले जवाफ दिनुभयो, "नता यसले पाप गर्‍यो, न यसका आमा-
बाबुले; तर यस हेतुले, कि परमेश्वरका कामहरू यसमा प्रकट होऊन् ।
४ दिन छँदै मलाई पठाउनेका कामहरू हामीले गरिहाल्नुपर्दछ; रात
आउँछ, जब कसैले काम गर्नसक्तैन । ५ जब म संसारमा छु, म संसार-
को ज्योति हुँ ।" ६ यी कुरा भनेर उहाँले भुइँमा थुक्नुभयो, औ
थूकले माटोको हिलो बनाउनुभयो, र हिलो त्यसका आँखामा लगाइ-
दिनुभयो । ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलो-
आमको (जसको अर्थ हो पठाइएको) तलाउमा गएर पखाल ।" तब
त्यसले गएर पखाल्यो, र देख्ने भएर आयो । ८ यसकारण छिमेकीहरू
र त्यसलाई अघि मगन्ते भएको देख्नेहरूले भने, "के बसेर भीक माग्ने

यही होइन ?" ९ कसै कसैले भने, "यो त्यही हो।" अरूले भने,
"अहँ, यो त्यही जस्तो छ।" त्यसले भन्यो, "म त्यही हुँ।" १० तब
तिनीहरूले त्यसलाई भने, "तेरा आँखा कसरी खोलिए त ?" ११ त्यस-
ले जवाफ दियो, "येशू भन्ने एउटा मानिसले माटोका हिला बनाएर
मेरो आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र
पखाल।' तब गएर पखालें, र देख्ने भएँ।" १२ अनि तिनीहरूले
त्यसलाई भने, "तिनी कहाँ छन् त ?" त्यसले भन्यो, "म जान्दिनँ।"

१३ जो अघाड़ि अन्धा थियो, त्यसलाई तिनीहरूले फरिसीहरूकहाँ
ल्याए। १४ जुन दिन येशूले माटोको हिलो बनाएर त्यसका आँखा
खोलिदिनुभएको थियो, त्यो विश्रामको दिन थियो। १५ यसकारण
फेरि फरिसीहरूले पनि 'कसरी देख्ने भइस्' भनी त्यसलाई सोधे। औ
त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको हिलो
लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" १६ यसकारण फरिसी-
हरूमध्ये कुनै कुनैले भने, "यो मानिस परमेश्वरतर्फको होइन, किनकि
यसले विश्रामको दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी
एउटा पापी मानिसले यस्ता चिह्नहरू गर्नसक्तछ र ?" औ तिनीहरूका
बीचमा फाटो हुनगयो। १७ तिनीहरूले त्यस अन्धालाई फेरि भने,
"उसले तेरा आँखा खोलिदिएकोमा उसको विषयमा तँ के भन्छस ?"
औ त्यसले भन्यो, "उहाँ भविष्यवक्ता हुनुहुन्छ।" १८ यसकारण
त्यसको विषयमा यहूदीहरूले त्यो अन्धा थियो र देख्ने भयो भन्ने
कुरामा विश्वास गरेनन्, जबसम्म दृष्टि पाउनेका आमा-बाबुलाई बोलाएर
सोधेनन्। १९ तब तिनीहरूलाई यसो भन्दै सोधे, "के या तिमीहरूको
छोरा हो ? जसलाई तिमीहरू अन्धा जन्मेको हो भनी भन्दछौ।
त अब त्यसले कसरी देख्छ ?" २० त्यसका आमा-बाबुले तिनीहरू-

लाई जवाफ दिई भने, "हामी जान्दछौं, यो हाम्रो छोरो हो, र
अन्धा जन्मेको थियो; २१ तर अब यसले कसरी देख्छ, हामी
जान्दैनौं; अथवा यसका आँखा कसले खोलिदिए, त्यो पनि हामी
जान्दैनौं; यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्, आफ्नो विषयमा
त्यो आफैं बोल्नेछ।" २२ त्यसका आमा-बाबुले यी कुरा भने, किनकि
तिनीहरू यहूदीहरूदेखि डराउँथे; किनभने यहूदीहरूले अघिनै आपसमा
मतो गरिसकेका थिए, कि कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गर्‍यो भने
त्यो सभाघरबाट निकालिनेछ। २३ यसकारण त्यसका आमा-बाबुले
भने, 'यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्'। २४ तब तिनी-
हरूले, त्यस मानिसलाई जो अघि अन्धा थियो, दोस्रोपल्ट बोलाएर
भने, "परमेश्वरलाई महिमा दे; हामी जान्दछौं कि त्यो मानिस ता
पापीनै हो।" २५ त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न,
म जान्दिनँ; एउटै कुरो मात्र म जान्दछु, कि म अन्धा थिएँ, तर अब
देख्तछु।" २६ तब तिनीहरूले त्यसलाई भने, "उसले तँलाई के
गर्‍यो? उसले तेरा आँखा कसरी खोलिदियो?" २७ त्यसले तिनी-
हरूलाई जवाफ दियो, "मैले तपाइंहरूलाई अहिले त भनें औ तपाइं-
हरूले सुन्नुभएन? फेरि किन सुन्न चाहनुहुन्छ? के तपाइंहरू पनि
उहाँका चेला हुन चाहनुहुन्छ?" २८ तिनीहरूले त्यसलाई हप्काएर भने,
"तँ पो उसको चेला होस्, तर हामी ता मोशाका चेला हौं। २९
हामी जान्दछौं कि मोशासित परमेश्वर बोल्नुभएको थियो; तर यस
चाहिंलाई ता हामी जान्दैनौं, यो कहाँको हो।" ३० त्यस मानिस-
ले जवाफ दिई तिनीहरूलाई भन्यो, "किन, यसैमा ता आश्चर्य छ,
उहाँ कहाँका हुनुहुन्छ तपाइंहरू ता जान्नुहुन्न, औ उहाँलेनै मेरा आँखा
खोलिदिनुभयो। ३१ हामी जान्दछौं कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न;

तर परमेश्वरलाई पूज्ने र उहाँको इच्छा पालन गर्ने कोही छन् भने
त्यसको कुरा उहाँ सुन्नुहुन्छ। ३२ संसारको शुरूदेखि यसो कसैले
जन्मैको अन्धाको आँखा खोलिदिएको कहिल्यै सुनिएन। ३३ यदि
यी मानिस परमेश्वरतर्फका नहुनुहुँदो हो ता उहाँले केही गर्न सक्नुहुने-
थिएन।" ३४ तिनीहरूले त्यसलाई जवाफ दिई भने, "तँ ता
बिल्कुलै पापमा जन्मेको होस्, र के हामीहरूलाई सिकाउँछस्?" अनि
तिनीहरूले त्यसलाई बाहिर निकालिदिए।

३५ तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नु-
भयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, "के तिमी परमेश्वरको पुत्रमाथि
विश्वास गर्दछौ?" ३६ त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को
हुनुहुन्छ र म उनीमाथि विश्वास गरूँ?" ३७ येशूले त्यसलाई भन्नु-
भयो, "तिमीले उसलाई देखेका पनि छौ, औ तिमीसित बोल्ने उहीनै
हो।" ३८ अनि त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दछु", अनि
त्यसले उहाँलाई दण्डवत् गर्‍यो। ३९ अनि येशूले भन्नुभयो, "म संसारमा
इन्साफको लागि आएँ, कि नदेख्नेहरूले देखून् औ देख्नेहरू चाहिँ
अन्धा होऊन्।" ४० अब उहाँसित हुने फरिसीहरूमध्ये कुनै कुनैले यी
कुरा सुनेर उहाँलाई भने, "के हामीहरू पनि अन्धा हौं त?" ४१ येशूले
तिनीहरूलाई भन्नभयो, "तिमीहरू अन्धा हुँदा हौ ता तिमीहरूमा पाप
हुनेथिएन, तर अब 'हामी देख्छौं' भनी तिमीहरू भन्दछौ, यसकारण
तिमीहरूको पाप रहिरहन्छ।"

## असल गोठालो

१० "साँचो साँचो म तिमीहरूलाई भन्दछु, जो भेड़ाको गोठको
ढोकाबाट भित्र पस्तैन, तर अर्कै बाटो गरी चढ्छ, त्यो चाहिँ चोर
र डाँकू हो; २ तर ढोकाबाट भित्र पस्ने चाहि भेड़ाको गोठालो हो।

३ उसको लागि ढोकेले ढोका खोलिदिन्छ, र भेड़ाहरूले उसको सोर
सुन्छन्, र उसले आफ्ना भेड़ाहरूलाई नाउं काढ़ी काढ़ी बोलाउँछ, अनि
तिनीहरूलाई बाहिर लैजान्छ। ४ जब उसले आफ्ना सबै भेड़ाहरूलाई
बाहिर निकालिसक्छ, उ तिमीहरूको अघिअघि हिँड्छ; र भेड़ाहरूले
उसलाई पछयाउँछन्; किनभने तिनीहरूले उसको सोर चिन्छन्। ५ तर
बिरानालाई ता पछयाउनेछैनन्, तर त्यसदेखि भागिजानेछन्; किनभने
बिरानाको सोर तिनीहरू चिन्दैनन्।" ६ यो दृष्टान्त येशूले तिनीहरूलाई
भन्नुभयो, तर उहाँले तिनीहरूलाई भन्नभएको कुरा के हो भनी तिनीहरूले
बुझेनन्।

७ यसकारण येशूले फेरि भन्नुभयो, "साँचो साँचो म तिमीहरू-
लाई भन्दछु, भेड़ाहरूको ढोका मै हुँ। ८ जो मभन्दा अघि आए,
ती सबै चोर र डाँकू हुन्; तर भेड़ाहरूले तिनीहरूका शब्द सुनेनन्।
९ ढोका मै हुँ; मबाट कोही मानिस पस्यो भने त्यो सुरक्षित हुनेछ,
र त्यसले भित्र बाहिर आउने जाने गर्नेछ, र खर्क पाउनेछ।
१० चोर ता चोरूँ, र मारूँ, र नाश पारूँ भनेर मात्र आउँछ; म
ता तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने
हेतुले आएँ। ११ म असल गोठालो हुँ: असल गोठालाले आफ्नो
प्राण भेड़ाहरूका लागि अर्पण गर्दछ। १२ तर जो ज्यामी हो, र
गोठालो होइन, जसका ती आफ्नै भेड़ा होइनन्, ब्वाँसालाई आउँदै गरेको
देखेर भेड़ाहरूलाई छोड़ी भाग्छ; औ ब्वाँसाले तिनलाई गाँजी लैजान्छ र
तितरबितर पारिदिन्छ। १३ त्यो भाग्छ, किनभने त्यो ज्यामी हो, र
भेड़ाको केही वास्ता गर्दैन। १४ म असल गोठालो हुँ; यसर्थ म आफ्ना
जत्तिलाई चिन्छु, औ आफ्ना जत्तिले मलाई चिन्छन्। १५ जसरी पिताले
मलाई चिन्नुहुन्छ, म पितालाई चिन्दछु; औ म भेड़ाहरूका लागि आफ्नो

प्राण अर्पण गर्छु। १६ मेरा अरू भेड़ा छन्, जो यस गोठका
होइनन्; तिनीहरूलाई पनि मैले ल्याउनु परेको छ, र तिनीहरूले
मेरो सोर सुन्नेछन्; औ तिनीहरू एकै बगाल र एकै गोठालाका
हुनेछन्। १७ यसैकारण पिताले मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो
प्राण, त्यो म फेरि लिने हेतुले, अर्पण गर्दछु। १८ कसैले त्यो मबाट
खोस्तैन, तर म आफै त्यो अर्पण गर्दछु। त्यो अर्पण गर्ने मेरो
अख्तियार छ, औ त्यो फेरि लिने पनि मेरो अख्तियार छ, यो आज्ञा
मैले मेरा पिताबाट पाएँ।"

१९ यी वचनको कारणले फेरि यहूदीहरूमा फाटो भयो। २०
अनि तिनीहरूमध्ये धेरैले भने, "यसलाई भूत लागेको छ, र बौलाएको छ,
किन तिमीहरू यसको कुरा सुन्छौ?" २१ अरूहरूले भने, "यी कुरा भूत लागेका
मानिसका होइनन्। के भूतले अन्धाका आँखा खोल्नसक्तछ र?"

## यरूसलेममा मन्दिर समपण चाड़मा येशू

२२ अब यरूसलेममा मन्दिर समर्पणको चाड़ थियो, औ हिउँदको
दिन थियो। २३ औ येशू सुलेमानको दलानमा टहलिरहनुभएको थियो;
२४ तब यहूदीहरूले उहाँलाई घेरेर भने, "कहिलेसम्म तपाइं हाम्रा मनलाई
दोधारमा राख्नुहुन्छ? तपाइं ख्रीष्ट हुनुहुन्छ भने हामीलाई सफासँग
भन्दिनुहोस्।" २५ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मैले
तिमीहरूलाई भनें, तर तिमीहरू विश्वास गर्दैनौ। ती काम, जे म मेरा
पिताको नाउँमा गर्दछु, तिनैले मेरो विषयमा गवाही दिन्छन्; २६ तर
तिमीहरू विश्वास गर्दैनौ, किनभने तिमीहरू मेरो भेड़ाहरूमध्येका होइनौ।
२७ मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र म तिनीहरूलाई चिन्छु, र

तिनीहरूले मलाई पछ्याउँछन्। २८ अनि म तिनीहरूलाई अनन्त जीवन
दिन्छु; र तिनीहरू कहिल्यै पनि नष्ट हुनेछैनन्, औ कसैले तिनीहरूलाई
मेरो हातबाट खोसी लैजानेछैनन्। २९ मेरा पिता, जसले ती मलाई
दिनुभएको छ, सबैभन्दा महान् हुनुहुन्छ, औ पिताका बाहुलीबाट कसैले
तिनीहरूलाई खोसी लैजानसक्तैन। ३० म र पिता एकै हौं।"

## यहूदीहरूको शत्रुता

३१ यहूदीहरूले उहाँलाई हान्नौं भनी फेरि ढुङ्गा उठाए। ३२ येशूले
तिनीहरूलाई जवाफ दिनुभयो, "मैले पिताबाट तिमीहरूलाई धेरै असल
काम देखाएँ, तीमध्ये कुन कामको कारणले तिमीहरू मलाई ढुङ्गाले हान्छौ?"
३३ यहूदीहरूले उहाँलाई जवाफ दिए, "असल कामको लागि हामीहरू
तिमीलाई ढुङ्गाले हान्दैनौं, तर परमेश्वरको निन्दा गरेको कारण, किनकि
तिमी मानिस भएर पनि आफैलाई परमेश्वर तुल्याउँछौ।" ३४ येशूले
तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरूको व्यवस्थामा यसो लेखिएको
छैन? 'मैले भनें, तिमीहरू देवहरू हौ।' ३५ जसकहाँ परमेश्वरको
वचन आयो, तिनले तिनीहरूलाई देवहरू भनेका छन् भने (धर्मशास्त्र
भङ्ग हुनसक्तैन), ३६ जसलाई पिताले पवित्र गरेर संसारमा पठाउनु-
भयो, के तिमीहरू उसलाई निन्दा गर्दछौ भनी भन्दछौ? किनभने
मैले भनें, 'म परमेश्वरको पुत्र हुँ'। ३७ यदि म मेरा पिताका काम
गर्दिनँ भने, मलाई विश्वास नगर; ३८ तर यदि म ती गर्दछु भने,
यद्यपि तिमीहरू मलाई चाहिँ विश्वास गर्दैनौ भने पनि, ती कामहरू-
लाई ता विश्वास गर, औ पिता ममा हुनुहुन्छ, र म पितामा छु भनी
तिमीहरूले जान, र बुझ।" ३९ तिनीहरूले फेरि उहाँलाई पक्रन खोजे,
तर उहाँ तिनीहरूका हातबाट निस्किजानुभयो।

४० अनि उहाँ फेरि यर्दन पारि त्यस ठाउँमा जानुभयो, जहाँ पहिले
यूहन्नाले बप्तिस्मा दिइरहेका थिए; औ उहाँ त्यहाँ रहनुभयो। ४१ अनि
धेरै उहाँकहाँ आए, र तिनीहरूले भने, "यूहन्नाले ता साँच्चै केही चिह्न
गरेनन्; तर जे जे यूहन्नाले यिनको विषयमा बोले सबै कुरा सत्य
रहेछन्।" ४२ औ त्यहाँ धेरैले उहाँमाथि विश्वास गरे।

## येशूले लाजरसलाई बिउँताउनुभएको

११ मरियम र उसकी दिदी मार्थाको गाउँ, बेथानीका लाजरस
भन्ने कोही एउटा मानिस बिरामी थिए। २ औ यी तिनै मरियम
थिइन्, जसले प्रभुलाई सुगन्धित मल्हम मलेर उहाँका पाउ आफ्ना
कपालले पुछेकी थिइन्। तिनैको भाइ लाजरस बिरामी थिए। ३ यस-
कारण दिदीहरूले उहाँकहाँ यसो भनी पठाए, "हे प्रभु, हेर्नुहोस्, जसलाई
तपाइं माया गर्नुहुन्छ तिनी बिरामी छन्।" ४ तर जब येशूले यो
सुन्नुभयो, तब उहाँले भन्नुभयो, "यो बिरामी मर्ने किसिम-
को होइन, तर त्यसबाट परमेश्वरको पुत्रको महिमा होस्
भनी परमेश्वरको महिमाको निम्ति हो।" ५ येशूले मार्था, तिनकी
बहिनी र लाजरसलाई प्रेम गर्नुहुन्थ्यो। ६ यसकारण जब उहाँले तिनी
बिरामी छन् भनेर सुन्नुभयो, तब जुन ठाउँमा उहाँ हुनुहुन्थ्यो, त्यहाँ
अरू दुइ दिन रहनुभयो। ७ त्यसपछि उहाँले चेलाहरूलाई भन्नुभयो,
"लौ, अब हामी फेरि यहूदियामा जाऔं।" ८ चेलाहरूले उहाँलाई
भने, "हे रब्बी, भर्खरै ता यहूदीहरूले तपाइंलाई ढुङ्गाले हान्न खोजेथे,
औ के फेरि तपाइं त्यतै जानुहुन्छ?" ९ येशूले जवाफ दिनुभयो, "के
दिनमा बाह्र घण्टा हुँदैनन् र? कोही मानिस दिनमा हिँड्डुल गर्छ
भने त्यसलाई ठेस लाग्दैन, किनभने त्यसले संसारको ज्योति देख्तछ;

१० तर कोही राती हिँड्डुल गर्दछ भने, त्यसलाई ठेस लाग्छ, किनभने
त्यसमा उज्यालो हुँदैन।" ११ उहाँले यी कुरा बोल्नुभयो, र त्यसपछि
उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका
छन्। तर म तिनलाई निद्राबाट बिउभाउनलाई जाँदैछु।" १२ यस-
कारण चेलाहरूले उहाँलाई भने, "हे प्रभु, तिनी निद्रामा परेका छन्
भनेता बाँच्छन् होला।" १३ अब येशूले तिनको मृत्युको विषयमा
भन्नुभएको थियो, तर तिनीहरूले चाहिँ निद्राको आरामीको विषयमा
भन्नुभएको हो भनी ठाने। १४ येशूले तिनीहरूलाई सफासँग भनि-
दिनुभयो, "लाजरस मरेका छन्। १५ तिमीहरूले विश्वास गर भन्ने
हेतुलेनै, म त्यहाँ नभएकोले, तिमीहरूका निम्ति खुशी छु; जे भए
तापनि हामीहरू तिनीकहाँ जाऔं।" १६ तब दिदुमस भन्ने थोमाले
आफ्ना सँगी चेलाहरूलाई भने, "लौ, हामी पनि जाऔं, र तिनी-
सँगै मरौं।"

१७ जब येशू आउनुभयो तब तिनलाई चिहानमा राखेको चार दिन
भइसकेको भेट्टाउनुभयो। १८ अब बेथानी यरूसलेमको नजीक प्रायः
एक कोश टाढ़ामा थियो। १९ अनि यहूदीहरूमध्ये धेरै जना मार्था र
मरियमकहाँ तिनको भाइको विषयमा तिनीहरूलाई सहानुभूति दिनालाई
आएका थिए। २० यसकारण येशू आउँदैगर्नुभएको सुनेर मार्था
उहाँलाई भेट्न गइन्, तर मरियम घरैमा बसिरहिन्। २१ तब मार्थाले
येशूलाई भनिन्, "प्रभु, तपाइं यहाँ हुनुहुँदो हो ता मेरो भाइ मर्ने
थिएन। २२ तर अब पनि म जान्दछु, तपाइंले परमेश्वरसित जे
माग्नुहुन्छ, परमेश्वरले तपाइंलाई दिनुहुन्छ।" २३ येशूले तिनलाई
भन्नुभयो, "तिम्रो भाइ फेरि बिउँतनेछ।" २४ मार्थाले उहाँलाई भनिन्,

"म जान्दछु, कि त्यो पछिल्लो दिनको पुनरुत्थानमा* फेरि बिउँतनेछ।"
२५ येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ; मलाई
विश्वास गर्ने मरयो भने पनि बाँच्नेछ; २६ औ बाँच्ने र ममाथि विश्वास
गर्ने प्रत्येक कहिल्यै पनि मर्नेछैन। के तिमी यो विश्वास गर्छयौं?"
२७ तिनले उहाँलाई भनिन्, "हो प्रभु, तपाईं संसारमा आउने परमे-
श्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनी मैले विश्वास गरेकी छु।" २८ अनि
यी कुरा भनेर तिनी गइहालिन्, र आफ्नी बहिनी मरियमलाई यसो
भन्दै सुटुक्क बोलाइन्, "गुरुज्यू आइपुग्नुभयो, र तिमीलाई बोलाउनुहुँदैछ।"
२९ जब तिनले यो सुनिन्, तब तिनी झट्टै उठेर उहाँकहाँ आइन्।
३० (अहिलेसम्म येशू गाउँमा आइपुग्नुभएको थिएन, तर उहाँ त्यही
ठाउँमा हुनुहुन्थ्यो, जहाँ माथ उहाँलाई भेटेकी थिइन्।) ३१ यसकारण
घरमा तिनीसित भएका र तिनलाई सहानुभूति दिनआएका यहूदीहरूले
मरियमलाई झट्टै निस्किगएकी देखेर चिहानमा रुन गएकी हो भन्ठानेर
तिनको पछि लागे। ३२ यसैले जब मरियम येशू हुनुभएको ठाउँमा
आइन्, तब उहाँलाई देखेर तिनी उहाँका पाउमा यसो भन्दै परिन्,
"हे प्रभु, तपाईं यहाँ हुनुहुँदो हो ता मेरो भाइ मर्ने थिएन्।" ३३
यसकारण जब येशूले त्यसलाई रुदगरेकी र तिनीसित आउने यहूदीहरू-
लाई पनि रोइरहेका देख्नुभयो, तब उहाँ आत्मामा अति विरक्त भएर
दुःखित हुनुभयो, ३४ अनि भन्नुभयो, "तिमीहरूले तिनलाई कहाँ राखेका
छौ?" तिनीहरूले उहाँलाई भने, "प्रभु, आएर हेर्नुहोस्।" ३५
येशू रुनुभयो। ३६ यसकारण यहूदीहरूले भने, "हेर, उहाँले तिन-
लाई कति माया गर्नुहुन्थ्यो।" ३७ तर तिनीहरूमध्ये कुनै
कुनैले भने, "के अन्धाका आँखा खोलिदिने यी मानिसले यस मानिसलाई

* मृत्युपछि वा अन्त्यको दिनमा मानिसहरूको फेरि बिउँताइ वा बौराइ।

पनि नमर्न गराउनसकेनन् ?" ३८ तब येशू फेरि आफैंभित्र*,
आत्मामा अति विरक्त भएर चिहानमा आउनुभयो। अब त्यो एउटा ओढ़ार
थियो, र त्यसको मुखमा एउटा ढुङ्गो राखेको थियो। ३९ येशूले
भन्नुभयो, "ढुङ्गो हटाओ।" मरेको मान्छेकी दिदी मार्थाले उहाँलाई
भनिन्, "हे प्रभु, यस बेलासम्म ता त्यो गन्हाउन लागिसक्यो होला;
किनकि चारदिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले
तिमीलाई भनिनँ, विश्वास गर्‍यौ भने परमेश्वरको महिमा देख्नेछौ?"
४१ त्यसैले तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले माथितिर हेरेर भन्नु-
भयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाइले
मेरो बिन्ती सुन्नुभयो। ४२ औ तपाइंले बराबर मेरो बिन्ती सुन्नुहुन्छ
भनी मैले जानेको थिएँ; तर वरिपरि उभिएका भीड़को कारणले
तपाइंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्
भनी यो भनेको हुँ।" ४३ औ यी कुरा भनेर उहाँ ठूलो
सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मरेको
मान्छे हात-खुट्टा बाँधिएको कात्रोसहित निस्की आयो, औ तिनको
अनुहार रुमालले बेह्रिएको थियो। येशूले तिनीहरूलाई भन्नुभयो, "तिनलाई
फुकाइदेऊ, र जानदेऊ।"

४५ अब मरियमकहाँ आउने यहूदीहरूमध्ये जसले यो देखे, धेरैले
उहाँमाथि विश्वास गरे; ४६ तर तिनीहरूमध्ये कोही चाहिँ फरिसीकहाँ
गए, र येशूले गर्नुभएका कुराहरू बताइदिए।

## मुख्य पूजाहारीहरूको येशूलाई मार्ने षड़यन्त्र

४७ तब मुख्य पूजाहारीहरू र फरिसीहरूले एउटा महासभा
गरेर भने, "अब हामी के गरौं? किनभने यस मानिसले ता धेर चिह्नहरू

* आफूभित्र दिक्क हुँदै

गरिरहेछ। ४८ यसलाई यसै छोड़िदियौं भने सबैले यसलाई विश्वास गर्नेछन्, र
रोमीहरूले आएर हाम्रा ठाउँ र जातिलाई समेत लैजानेछन्।" ४९ तर
तिनीहरूमध्ये कयाफा भन्ने एक जनाले, त्यस सालका प्रधान पूजाहारी
भएर, तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ, ५० औ नता
तिमीहरू विचारै गर्दछौ, कि लोकका निम्ति एक जना मानिस मर्नु र
सारा जाति नष्ट नहुनु तिमीहरूका निम्ति फाइदा छ।" ५१ यो
तिनले आफ्नैतर्फबाट भनेका होइनन्, तर त्यस सालका प्रधान पूजाहारी
भएर आफ्नो जातिको निम्ति येशू मर्नैपर्छ भन्ने भविष्यवाणी बोलेका
हुन्। ५२ औ जातिको निम्ति मात्र होइन, तर जतातते तितरबितर
भएका परमेश्वरका सन्तानलाई पनि उहाँले एकसाथ जम्मा गरून् भनी
बोलेका हुन्। ५३ यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्न
भनी मतो बाँधे।

५४ यसकारण येशू फेरि यहूदीहरूका बीचमा खुल्लमखुल्ला हिँड्डुल
गर्नुभएन, तर त्यहाँ वनको छेउको देश इफ्राइम भन्ने एउटा शहरमा जानु-
भयो, औ त्यहाँ चेलाहरूसँग बास गर्नुभयो। ५५ यहूदीहरूको निस्तार
चाड़ नजीकै थियो; र गाउँ गाउँबाट धेरै जना आफू आफूलाई शुद्ध
पार्न भनी निस्तार चाड़को अघि यरूसलेममा गए। ५६ तब तिनी-
हरूले येशूलाई खोजे, र मन्दिरमा खड़ा हुँदा आपसमा भने, "तिमी-
हरूलाई कस्तो लाग्छ, के तिनी चाड़मा आउँदैनन्?" ५७ अब मुख्य
पूजाहारीहरू र फरिसीहरूले उहाँलाई पक्रनाका निम्ति, कसैले उहाँलाई
कहाँ हुनुहुन्छ भनी थाहा पाएमा खबर गर्नू भन्ने आज्ञा दिएका थिए।

## बेथानीमा मरियमले येशूलाई मलहम घसेकी

१२ यसकारण निस्तार चाड़का छ दिन अघि येशू बेथानीमा आउनु-
भयो, जहाँ लाजरस थिए, जसलाई येशूले मरेकोबाट बिउँताउनुभएको थियो।

२ यसैले तिनीहरूले उहाँका निम्ति त्यहाँ बेलुकीको भोजन तयार
गरे, र मार्था सेवाटहल गर्थिन्, तर लाजरसचाहिँ उहाँसँगै भोजनमा
बस्नेहरूमध्ये एक थिए। ३ अब मरियमले एक मानु साह्रै कीमती
जटामसीको सुगन्धित मलहम लिएर येशूका पाउमा मलिन्, र उहाँको
पाउ आफ्नो कपालले पुछिन्; अनि मलहमको बासनाले घर भरियो।
४ तर उहाँका चेलाहरूमध्ये एक जना, अर्थात् उहाँलाई पक्राउनखोज्ने
यहूदा इस्करियोतीले भन्यो, ५ "यो मलहम तीन सय दिनारमा*
बेचिएर किन गरीबहरूलाई दिइएन?" ६ तर यो त्यसले गरीबहरूको
ख्याल राखेर भनेको त होइन; किनकि त्यो चोर थियो, र पैसाको
थैली बोक्ने भएर त्यसमा राखिएका चीज झिकेर लैजान्थ्यो।
७ यसकारण येशूले भन्नुभयो, "मलाई गाड्ने दिनको लागि तिनलाई त्यो
राखिछोड्न देऊ। ८ किनभने गरीबहरू ता सधैँ तिमीहरूसँग हुन्छन्, तर
म ता सधैँ तिमीहरूसँग हुन्नँ।"

९ अब यहूदीहरूका जनसाधारणले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने पत्ता
पाए; र तिनीहरू येशूका खातिरमा मात्र होइन, तर उहाँले मरेकोबाट
बिउँताउनुभएका लाजरसलाई पनि हेरौँ भनेर आए। १० तर मुख्य पूजाहारी-
हरूले लाजरसलाई समेत मार्नालाई मतो गरे; ११ किनभने तिनले गर्दा
यहूदीहरूमध्ये धेरै जना गएर येशूमाथि विश्वास गरेका थिए।

## यरूसलेममा येशूको धूमधामसाथ प्रवेश

१२ भोलिपल्ट चाडमा आउने ठूलो भीड़ले येशू यरूसलेममा आउँदै-
हुनुहुन्छ भन्ने सुने; १३ औ खजूरका हाँगाहरू लिएर उहाँलाई स्वागत
गर्न निस्के, र "होसन्ना, धन्य प्रभुको नाउँमा आउने इस्राएलका राजा",

* प्रायः डेढ़ सय रुपियाँ।

भन्दै कराए। १४ अनि बच्चा गधा भेट्टाएर येशू त्यसमाथि चढ्नु-
भयो; जसरी लेखिएको छ, १५ "ए सियोनकी छोरी, नडराऊ, हेर,
तिम्रा राजा गधाको बछेड़ामाथि बसेर आउनुहुँदैछ।" १६ यी कुराहरू
उहाँका चेलाहरूले पहिले ता बुझेनन्, तर जब येशूको महिमा भयो,
तब उहाँको विषयमा यी कुरा लेखिएका थिए, र यी काम उहाँका
निम्ति उनीहरूले गरे भन्ने तिनीहरूले सम्झे। १७ यसकारण उहाँले
लाजरसलाई चिहानबाट बोलाएर मरेकोबाट बिउँताउनुहुँदा उहाँसँग हुने त्यस
भीड़ले गवाही दियो। १८ यसकारणले पनि भीड़ले उहाँलाई स्वागत गर्‍यो,
किनभने तिनीहरूले यो चिह्न उहाँले गर्नुभएको हो भनी सुनेका थिए।
१९ फरिसीहरूले आपसमा भने, "हेर त, तिमीहरूबाट केही हुनैसक्दैन?
देख्छौ, संसारै त्यसको पछि लागिसक्यो।"

## यूनानीहरूको बिन्ती

२० अब चाड़मा पूजा गर्न जानेहरूमध्ये कोही यूनानीहरू पनि थिए;
२१ यसकारण तिनीहरू गालीलको बेत्सैदावासी फिलिपकहाँ आएर तिन-
लाई यसो भनेर बिन्ती गरे, "हजूर, हामीहरू येशूलाई हेर्नचाहन्छौ।"
२२ फिलिपले गएर अन्द्रियासलाई भने, औ अन्द्रियास र फिलिप गएर
येशूलाई भने। २३ अनि येशूले तिनीहरूलाई यसो भन्दै जवाफ दिनु-
भयो, "मानिसको पुत्रको महिमा हुने बेला आइपुगेको छ। २४ साँचो
साँचो म तिमीहरूलाई भन्दछु, गहुँको दाना भुइँमा परेर मरेन भने त्यो
एक्लै रहन्छ; तर मर्‍यो भने त्यसले धेरै फल फलाउँछ। २५ आफ्नो
प्राणको माया गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा
तुच्छ जान्नेले चाहिँ अनन्त जीवनसम्म जोगाइराख्नेछ। २६ कसैले
मेरो सेवा गर्छ भने मेरो पछि लागोस्; र म जहाँ छु, त्यहाँ मेरो

सेवक पनि हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर
गर्नुहुनेछ। २७ अब मेरो प्राण दुःखित भएको छ, औ म के भनूँ?
हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्? तर म यसैकारण यस
घड़ीसम्म आइपुगें। २८ हे पिता, तपाईंको नाउँको महिमा गर्नुहोस्।"
त स्वर्गबाट यसो भन्ने एउटा शब्द आयो, "मैले महिमा गरेको पनि
छु, र फेरि महिमा गर्ने पनि छु।" २९ यसकारण खड़ा भएका भीड़ले
यो सुनेर भन्यो, "मेघ गर्जेको हो", अरूहरूले भने, "स्वर्गदूत उनीसित
बोलेका हुन्।" ३० येशूले जवाफ दिई भन्नुभयो, "यो शब्द मेरो
निम्ति भएको होइन, तर तिमीहरूकै निम्ति हो। ३१ अब यस
संसारको न्याय हुन्छ; अब यस संसारको मालिक बाहिर फालिनेछ।
३२ अनि म पृथ्वीबाट उचालिएँ भने, सबै मानिसलाई आफैतिर
खिँच्नेछु।" ३३ तर उहाँ कस्तो मृत्युले मर्न आँट्नुभएको छ, सो थाहा
दिँदै उहाँले बताउनुभयो। ३४ भीड़ले उहाँलाई जवाफ दियो,
"ख्रीष्ट सधैंभरि रहनुहुन्छ भन्ने व्यवस्थाबाट हामीहरूले सुनेका छौं, औ
तपाईं कसरी भन्नुहुन्छ, कि मानिसको पुत्र उचालिनै पर्छ? यो मानिस-
को पुत्रचाहिँ को हो?" ३५ यसकारण येशूले तिनीहरूलाई भन्नुभयो,
"अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग रहन्छ। ज्योति तिमीहरूसँग
छउञ्जेल हिँड़डुल गर, जसमा तिमीहरूलाई अन्धकारले नछोपोस्। औ
अन्धकारमा हिँड़डुल गर्नेले कहाँ जान्छ, सो थाहा पाउँदैन। ३६ तिमी-
हरूसँग ज्योति छउञ्जेल ज्योतिमा विश्वास गर, र तिमीहरू ज्योतिका
सन्तान हुनेछौ।" येशूले यी कुरा भन्नुभयो र त्यहाँबाट गएर आफूलाई
तिनीहरूदेखि लुकाउनुभयो।

## यहूदियाका मानिसहरूको अविश्वास र कोही गुप्त चेलाहरू

३७ यद्यपि उहाँले तिनीहरूका सामु यतिका चिह्नहरू गर्नुभएको

थियो, तथापि तिनीहरूले उहाँलाई विश्वास गरेनन्। ३८ यशैयाह
भविष्यवक्ताको वचन पूरा होस् भनेर, जो कि तिनले भने,

"हे प्रभु, हामीहरूको बयान कसले विश्वास गर्‍यो?
प्रभुको बाहुबल कसलाई प्रकट गरियो?"

३९ यसकारण तिनीहरूले विश्वास गर्नसकेनन्, किनभने यशैयाहले
फेरि भनेका छन्,

४० "उहाँले तिनीहरूका आँखा बन्द गरिदिनुभयो,
र तिनीहरूका हृदय कठोर गरिदिनुभयो;
नत्रता तिनीहरूले आँखाले देख्नेछन्,
औ हृदयले बुझ्नेछन्, र फर्कनेछन्;
र म तिनीहरूलाई निको पारूँ।"

४१ यशैयाहले यी कुरा भने, किनकि तिनले उहाँको महिमा देखे,
र उहाँको विषयमा भने। ४२ तैपनि शासकहरूमध्ये पनि धेरैले उहाँ-
लाई विश्वास गरे; तर फरिसीहरूको कारण सभाघरबाट ननिकालिऔं
भनेर तिनीहरूले स्वीकार गरेनन्; ४३ किनभने तिनीहरूले परमेश्वरको
प्रशंसाभन्दा मानिसहरूको प्रशंसालाई बढ्ता रुचाउँथे।

## येशूले मानिसहरूलाई दिनुभएको शिक्षाको सारांश

४४ अनि येशूले कराएर भन्नुभयो, "मलाई विश्वास गर्नेले
मलाई होइन, तर मलाई पठाउनेलाई विश्वास गर्दछ; ४५ औ मलाई
देख्नेले मलाई पठाउनेलाई देख्नेछ। ४६ म संसारमा ज्योति भएर
आएको छु, कि मलाई विश्वास गर्ने जोसुकैले अँध्यारोमा रहन नपरोस्।
४७ औ कसैले मेरा वचनहरू सुन्छ, रपनि पालन गर्दैन भने, म त्यसको
इन्साफ गर्दिनँ, किनभने म संसारको इन्साफ गर्न आएको होइनँ, तर संसार-

लाई बचाउन आएको हुँ । ४८ मलाई इन्कार गर्ने र मेरा वचनहरू
ग्रहण नगर्नेलाई इन्साफ गर्ने ता छँदैछ; जो वचन मैले बोलें त्यसैले
पछिल्लो दिनमा त्यसको इन्साफ गर्नेछ । ४९ किनभने मैले आफ्नै-
तर्फबाट बोलिनँ; तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई
पठाउने पिता आफैले मलाई आज्ञा दिनुभएको छ; ५० औ म जान्दछु,
कि उहाँको आज्ञा अनन्त जीवन हो । यसकारण जे म बोल्दछु,
पिताले मलाई भन्नुभएको अनुसार बोल्दछु ।"

## येशूले आफ्ना चेलाहरूका खुट्टा धुनुभएको

१३ अब निस्तार चाड्को अघि येशूले यस संसारबाट पिताकहाँ जाने
मेरो बेला आयो भनी जानेर, संसारमा भएका आफ्ना जत्तिलाई प्रेम
गरेर तिनीहरूलाई अन्त्यसम्मनै प्रेम गर्नुभयो । २ अनि बेलुकीको
भोजन हुँदा शिमोनको छोरो यहूदा इस्करियोतीको हृदयमा अघिबाटनै दुष्टा-
त्माले उहाँलाई धोखा दिने विचार हालिसकेको थियो । ३ पिताले
मलाई सबै थोक मेरा हातमा दिनुभएको छ, र म परमेश्वरका तर्फबाट
आएको हुँ, औ परमेश्वरकहाँनै जान्छु भन्ने येशूले जानेर, ४ भोजनबाट
उठ्नुभयो, र खाष्टो एकातिर पन्छयाएर तौलिया लिएर आफ्ना कम्मरमा
बेह्र्नुभयो । ५ तब उहाँले बाटामा पानी खनाउनुभयो, र चेलाहरूका पाउ
धुन, र आफूले बेहेरेको तौलियाले पुछ्नलाग्नुभयो । ६ तब उहाँ
शिमोन पत्रुसकहाँ आउनुभयो । तिनले उहाँलाई भने, "हे प्रभु, के तपाइंले
पो मेरा खुट्टा धुने ?" ७ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "म
के गर्दछु, तिमी अहिले ता जान्दैनौ, तर पछि बुझ्नेछौ ।" ८ पत्रुसले
उहाँलाई भने, "तपाइंले मेरा खुट्टा कहिल्यै पनि धुनुहुनेछैन ।" येशूले
तिनलाई जवाफ दिनुभयो, "मैले तिमीलाई धोइदिइनँ भनेता तिम्रो

मसित केही हिस्सा हुँदैन।" ९ शिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु,
मेरा खुट्टा मात्र होइन, तर मेरा हात र शिरसमेत।" १० येशूले
तिनलाई भन्नुभयो, "नुहाइसकेकोलाई खुट्टाबाहेक अरू केही धुनुपर्दैन, त्यो ता
बिलकुल शुद्ध छ; औ तिमीहरू ता शुद्ध छौ, तर सबै ता होइन।"
११ किनभने उहाँलाई विश्वासघात गर्नेलाई उहाँले चिन्नुभएको थियो;
यसैकारण उहाँले भन्नुभयो, "तिमीहरू सबै ता शुद्ध छैनौ।"

१२ त्यसरी जब उहाँले तिनीहरूका खुट्टा धोएर आफ्नो खाष्टो
लिई फेरि भोजनमा बस्नुभयो, तब उहाँले तिनीहरूलाई भन्नुभयो,
"के तिमीहरू जान्दछौ, मैले तिमीहरूलाई के गरें? १३ तिमीहरू
मलाई, 'गुरु र प्रभु' भन्दछौ; त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने
म त्यही हुँ। १४ यदि मैले प्रभु र गुरु भईकन तिमीहरूका खुट्टा
धोएको छु भने, तिमीहरूले पनि एउटाले अर्काको खुट्टा धुनुपर्छ;
१५ किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु, र जसो
मैले तिमीहरूका लागि गरें, तिमीहरूले पनि त्यसै गर। १६ साँचा
साँचो म तिमीहरूलाई भन्दछु, दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन,
नता खबर पुर्‍याउने पठाउनेभन्दा ठूलो हुन्छ। १७ यदि तिमीहरूले
यी कुरा जानेर गर्‍यौ भने, तिमीहरू धन्य हौ। १८ म तिमीहरू सबैका
विषयमा भन्दिनँ; मैले छानेका जत्तिलाई म चिन्छु; तर धर्मशास्त्र
पूरा होस् कि 'मेरो रोटी खानेले ममाथि आफ्नो लात उठायो'।
१९ अब उप्रान्त यो हुनभन्दा अघाडि म तिमीहरूलाई भन्दछु, कि
जब त्यो हुन आउला, म उहीनै हुँ भनेर तिमीहरूलाई विश्वास होस्।
२० साँचो साँचो म तिमीहरूलाई भन्दछु, 'जोसुकैलाई म पठाऊँ उस-
लाई ग्रहण गर्नेले मलाईनै ग्रहण गर्दछ; अनि मलाई ग्रहण गर्नेले
पठाउनेलाई ग्रहण गर्दछ'।"

## विश्वासघात गर्नेलाई येशूले संकेत गर्नुभएको

२१ यी कुरा भनेपछि येशू आत्मामा दुःखित हुनुभयो, र उहाँले
साक्षी दिई भन्नुभयो, "साँचो साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरू-
मध्ये एकजनाले मलाई पक्राउनेछौ।" २२ उहाँले कसको विषयमा
भन्नुभएको हो भनी शङ्का गर्दै ती चेलाहरूमध्ये एउटाले अर्कालाई हेरा-
हेर गरे। २३ उहाँका चेलाहरूमध्ये एकजना, जसलाई येशूले प्रेम
गर्नुहुन्थ्यो, भोजनमा येशूको छातीमा अढेस लागिरहेका थिए। २४
यसकारण शिमोन पत्रुसले त्यसलाई इशारा गरेर भने, "जसको विषयमा
उहाँ भन्नुहुँदैछ, त्यो को हो, भन त?" २५ तिनले येशूको छातीमा
त्यसै अढेस लागिरहेरनै उहाँलाई भने, "हे प्रभु, त्यो कुन चाहिँ हो?"
२६ येशूले जवाफ दिनुभयो, "जसलाई म रोटीको टुक्रा चोपेर दिन्छु,
त्यो त्यही हो।" तब रोटीको टुक्रा चोप्नुभयो र निकालेर त्यो उहाँले
शिमोनको छोरो यहूदा इस्करयोतीलाई दिनुभयो। २७ रोटीको टुक्रा
पाएपछि शैतान त्यसभित्र पस्यो। तब येशूले त्यसलाई भन्नुभयो,
"तिमी जे गर्छौ, चाँडै गरिहाल।" २८ तर भोजनमा बस्नेहरू कसैले
पनि यो के मनसायले उहाँले त्यसलाई भन्नुभयो, सो बुझेनन्। २९ किन-
भने कोहीले सम्झे कि यहूदासँग थैलो थियो, यसैले येशूले त्यसलाई भन्नुभयो,
कि चाडको निम्ति जे कुरा चाहिन्छ सो किनोस्; अथवा, त्यसले गरीबहरू-
लाई केही देओस्। ३० तब रोटीको टुक्रा लिएपछि त्यो तुरुन्तै बाहिर
निस्किहाल्यो। त्यस बेला रात परेको थियो।

## प्रेम सम्बन्धी नयाँ आज्ञा

३१ यसकारण जब त्यो बाहिर गयो, तब येशूले भन्नुभयो, "अब
मानिसको पुत्रको महिमा भयो, र परमेश्वर उसमा महिमित हुनुभयो।

३२ परमेश्वरको महिमा उसमा भयो भने परमेश्वरले पनि आफैमा उसको
महिमा गराउनुहुनेछ, औ तुरुन्तै उसको महिमा गर्नुहुनेछ। ३३ ए
साना बालक हो, केही बेरसम्म म तिमीहरूसित छु। तिमीहरू मलाई
खोज्नेछौ ; अनि जसो मैले यहूदीहरूलाई भनें, 'जहाँ म जान्छु तिमीहरू
आउन सक्तैनौ' अब म तिमीहरूलाई पनि त्यसै भन्दछु। ३४ एउटा
नयाँ आज्ञा म तिमीहरूलाई दिन्दछु, कि तिमीहरू आपसमा प्रेम गर ;
जस्तो मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि आपसमा प्रेम
गर। ३५ यदि तिमीहरू आपसमा प्रेम गर्यौ भने, तिमीहरू मेरा
चेलाहरू हौ भनी यसैबाट सबैले जान्नेछन्।"

## पत्रुसको इन्कारको पूर्व सूचना

३६ शिमोन पत्रुसले उहाँलाई भने, "हे प्रभु, तपाइं कहाँ जानुहुन्छ?"
येशूले तिनलाई जवाफ दिनुभयो, "जहाँ म जान्छु तिमी अहिले मपछि
लाग्नसक्तैनौ, तर पछि ता लाग्नेनै छौ।" ३७ पत्रुसले उहाँलाई भने,
"प्रभूज्यू, म किन अहिलेनै तपाइंको पछि लाग्नसक्तिनँ र? म आफ्नो
प्राण तपाइंको निम्ति अर्पण गर्नेछु।" ३८ येशूले तिनलाई जवाफ
दिनुभयो, "के तिमी आफ्नो प्राण मेरो निम्ति अर्पण गर्नेछौ र? साँचो
साँचो म तिमीहरूलाई भन्दछु, तिमीले मलाई तीनपल्ट इन्कार नगरुञ्जेल भाले
बास्नेछैन्।"

## पितातर्फको बाटो

१४ "तिमीहरूको हृदय दुःखित न होस्; परमेश्वरमाथि विश्वास
गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा धेरै बस्ने ठाउँ-
हरू छन्; त्यसो नभए ता म तिमीहरूलाई भन्ने थिएँ; किनकि म
तिमीहरूका लागि ठाउँ तयार पार्न जान्छु; ३ औ यदि मैले गएर

तिमीहरूका निम्ति ठाउ तयार पारें भने म फेरि आउँछु, र तिमीहरूलाई
मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। ४
अनि म जहाँ जान्छु, तिमीहरू बाटो चिन्छौ।" ५ थोमाले उहाँ-
लाई भने, "हे प्रभु, तपाईं कहाँ जानुहुन्छ हामी जान्दैनौं, त बाटो
कसरी चिन्नेछौं र?" ६ येशूले तिनलाई भन्नुभयो, "बाटो, र सत्य,
र जीवन मै हुँ; मद्वारा बाहेक कोही पिताकहाँ पुग्दैन। ७ तिमीहरूले
मलाई चिनेको भए, मेरा पितालाई पनि चिन्नेथियौ; अब उप्रान्त
उहाँलाई चिन्छौ, र उहाँलाई देख्नेछौ।" ८ फिलिपले उहाँलाई भने,
"हे प्रभु, हामीलाई पिता देखाउनुहोस्, अनि त्यति भए हामीलाई
पुग्छ।" ९ येशूले तिनलाई भन्नुभयो, "यतिका समयसम्म म तिमी-
हरूसँगै छु, तैपनि तिमीले मलाई चिनेका छैनौ, फिलिप? जसले
मलाई देखेको छ, त्यसले पितालाई देखेको छ; 'हामीलाई पिता
देखाउनुहोस्' भनी कसरी तिमी भन्दछौ। १० म पितामा छु, र पिता
ममा हुनुहुन्छ भनेर के विश्वास गर्दैनौ? जुन कुरा म तिमीहरूलाई
भन्दछु, म आफ्नैतर्फबाट बोल्दिनँ; तर ममा रहनुहुने पिताले आफ्नो
काम गर्नुहुन्छ। ११ म पितामा छु, र पिता ममा हुनुहुन्छ भन्ने मेरो कुरा
विश्वास गर; होइन भने, यी कामहरूकै खातिर विश्वास गर। १२
साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ,
त्यसले मैले गरेका काम पनि गर्नेछ, औ तीभन्दा ठूला काम पनि
गर्नेछ, किनभने म पिताकहाँ जान्छु। १३ जेसुकै तिमीहरू मेरो नाउँमा
मागौला, त्यो पुत्रमा पिताको महिमा होस् भनेर म गर्नेछु। १४
तिमीहरूले मेरो नाउँमा केही माग्यौ भने त्यो म गर्नेछु।

## पवित्र आत्माको प्रतिज्ञा

१५ यदि तिमीहरूले मलाई प्रेम गर्दछौ भने मेरा आज्ञाहरू पालन

गर्नेछौ। १६ औ म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को
शान्तिदाता दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सधैंभरि रहनुहुनेछ, १७ अर्थात्,
सत्यका आत्मा; जसलाई संसारले ग्रहण गर्नसक्तैन, किनभने त्यसले
उहाँलाई नता देख्छ न चिन्छ; तिमीहरू त उहाँलाई चिन्छौ, किनभने
उहाँ तिमीहरूसित रहनुहुन्छ, र तिमीहरूमा हुनुहुनेछ। १८ म तिमीहरू-
लाई टुहुरा छोड्नेछैनँ, म तिमीहरूकहाँ आउँछु। १९ अझ अलि बेर,
औ संसारले मलाई फेरि कहिल्यै देख्नेछैन, तर तिमीहरू मलाई देख्छौ;
किनभने म जीवित छु, औ तिमीहरू पनि जीवित रहनेछौ। २०
म मेरा पितामा, र तिमीहरू ममा, औ म तिमीहरूमा छु
भन्ने त्यस दिन तिमीहरूले जान्नेछौ। २१ मलाई प्रेम गर्ने त्यही हो, जसले
मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ; जसले मलाई प्रेम गर्दछ,
त्यो मेरा पिताको पनि प्रेमी हुनेछ; औ म त्यसलाई प्रेम गर्नेछु र म
आफै त्यसमाथि प्रकट हुनेछु।" २२ यहूदाले, (जो इस्करयोती चाहिँ
होइन) उहाँलाई भने, "हे प्रभु, के हुने भएको छ, र तपाईं आफै-
लाई हामीमाथि प्रकट गर्नलाग्नुहुन्छ, र संसारमा होइन?" २३ येशूले
तिनलाई जवाफ दिई भन्नुभयो, "कसैले मलाई प्रेम गर्दछ भने, त्यसले
मेरो वचन पालन गर्नेछ; औ मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र
हामी त्यसकहाँ आउनेछौं, र त्यससँग बास गर्नेछौं। २४ मलाई
प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन; अनि जो वचन तिमीहरू सुन्छौ,
त्यो मेरो होइन, तर मलाई पठाउनेको हो।

२५ यी कुरा मैले तिमीहरूसित रहँदै तिमीहरूलाई भनेको छु; २६ तर
शान्तिदाता, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ,
उहाँलेनै तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका
कुरा जति सबै सम्झना गराउनुहुनेछ। २७ शान्ति म तिमीहरूका निम्ति

छोड़्दछु; म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु; संसारले दिने जस्तो
ता मैले तिमीहरूलाई दिने होइन। तिमीहरूका हृदय नता दुःखित
होस्, र न भयभीत होस्। २८ तिमीहरूले सुन्यौ, कि म गइहाल्छु
र तिमीहरूकहाँ आउँछु भनी मैले कसरी तिमीहरूलाई भनें। तिमीहरूले
मलाई प्रेम गरेका भए तिमीहरू रमाउने थियौ, किनकि म पिताकहाँ
जान्छु; किनभने पिता मभन्दा महान् हुनुहुन्छ। २९ औ अब त्यो
हुनभन्दा अघाड़िनै मैले तिमीहरूलाई भनिदिएको छु, र जब त्यो हुनु-
आउँछ तिमीहरू विश्वास गरौला। ३० म तिमीहरूसित अब धेर
बोल्नेछैनँ, किनभने संसारको शासक आउँछ; औ त्यसको मसँग केही
छैन। ३१ तर म पितालाई प्रेम गर्दछु, औ जसो पिताले मलाई
आज्ञा गर्नुभएको छ, सोही बमोजिम गर्दछु भनी संसारले जानोस्।
उठ, हामी यहाँबाट जाऔं।"

## दाखको लहरा र हाँगाहरू

१५ "साँचो दाखको बोट म हुँ, औ मेरा पिता किसान हुनु-
हुन्छ। २ ममा फल नफल्ने हरेक हाँगालाई उहाँले छाँट्नु हुन्छ; औ
फल फल्ने हरेक हाँगालाई झन् बढ़्ता फल फलोस् भनी उहाँले
छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई बोलेका वचनको कारणले गर्दा
तिमीहरू अघिनै शुद्ध भइसकेका छौ। ४ ममा रहो र म तिमीहरूमा;
जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउनसक्तैन,
त्यसरी तिमीहरू ममा रहेनौ भने, तिमीहरूले पनि सक्तैनौ। ५ दाखको
बोट मै हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ। जो ममा रहन्छ, र म
त्यसमा, त्यसैले धेरै फल फलाउँछ; किनकि मबाट अलग रहेर तिमीहरू
केही गर्नसक्तैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं

बाहिर मिल्काइन्छ र सुकिहाल्छ; औ मानिसहरूले तिनलाई बटुलेर
आगोमा फालिदिन्छन् र ती सल्किहाल्छन्। ७ तिमीहरू ममा रह्यौ,
र मेरा कुरा तिमीहरूमा रहे भने, जो तिमीहरूलाई इच्छा लाग्छ,
माग, र त्यो तिमीहरूका निम्ति हुनेछ। ८ तिमीहरूले धेरै फल
फलायौ भने, त्यसैमा मेरा पिताको महिमा हुनेछ, र तिमीहरू मेरा
चेला हुनेछौ। ९ जसरी पिताले मलाई प्रेम गर्नुभएको छ, मैले
पनि तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरू मेरो प्रेममा रहो। १० मेरा
आज्ञाहरू पालन गर्छौ भने, तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले
मेरा पिताका आज्ञाहरू पालन गरेको छु, र उहाँको प्रेममा रहन्छु।
११ मैले यी कुरा तिमीहरूलाई भनेको छु, जसमा मेरो आनन्द
तिमीहरूमा रहोस्, र तिमीहरूको आनन्द पूर्ण भइजाओस्। १२ मेरो
आज्ञा यही हो, कि तिमीहरू आपसमा प्रेम गर, जस्तो मैले तिमीहरू-
लाई प्रेम गरेको छु। १३ कसैले आफ्नो प्राण आफ्ना मित्रहरूका
लागि अर्पण गरिदिनु भन्दा बढ़्ता प्रेम कसैको हुँदैन। १४ जे जे म
तिमीहरूलाई आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने तिमीहरू मेरा
मित्र हौ। १५ अबदेखि म तिमीलाई दास भन्दिनँ, किनभने दासले
त्यसका मालिकले के गर्दछन्, जान्दैन; तर मैले तिमीहरूलाई मित्र
भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले तिमीहरूलाई
थाहा दिएको छु। १६ मलाई तिमीहरूले छानेनौ, तर मैले तिमी-
हरूलाई छानें, र तिमीहरू गएर फल फलाऊ, औ तिमीहरूको फल
फलिरहोस् भनी तिमीहरूलाई नियुक्त गरें; जे तिमीहरूले मेरो नाउँमा
पितासँग माग्नौला, उहाँले तिमीहरूलाई दिनुहुनेछ।"

## संसार र सत्यको आत्मा

१७ "यी कुरा म तिमीहरूलाई आज्ञा गर्दछु, कि तिमीहरू आपसमा प्रेम

गर। १८ संसारले तिमीहरूलाई घृणा गर्दछ, त तिमीहरूलाई घृणा गर्नभन्दा
अघाड़ि मलाई घृणा गरेको हो भनी तिमीहरू जान्दछौ। १९ तिमीहरू यस
संसारका हुँदा हौ ता संसारले आफ्नैलाई माया गर्ने थियो; तर किनकि तिमी-
हरू यस संसारका होइनौ, तर मैले तिमीहरूलाई संसारबाट छाने, यसैकारण
संसारले तिमीहरूलाई घृणा गर्दछ। २० मैले जे कुरा तिमीहरूलाई भनें, त्यो
सम्झ, 'दास आफ्नो मालिकभन्दा ठूलो हुँदैन'। तिनीहरूले मलाई
सताए भने, तिमीहरूलाई पनि सताउनेछन्, तिनीहरूले
मेरो वचन पालन गरे भने तिमीहरूको पनि पालन गर्नेछन्। २१ तर
तिनीहरूले यी सबै कुरा मेरो नाउँको खातिर तिमीहरूसँग गर्नेछन्,
किनभने तिनीहरूले मलाई पठाउनेलाई चिन्दैनन्। २२ म नआएको
र तिनीहरूलाई नबताएको भए, तिनीहरूसँग पाप रहने थिएन; तर
अब ता तिनीहरूसँग आफ्ना पापका निम्ति बहाना केही छैन। २३
जसले मलाई घृणा गर्दछ, त्यसले मेरा पितालाई पनि घृणा गर्दछ।
२४ जुन काम अरू कसैले गरेन ती काम मैले तिमीहरूका बीचमा
नगरेका भए, तिनीहरूसँग पाप हुन्य थिएन; तर अबता तिनीहरूले
मलाई र मेरा पिता दुवैलाई देखेका र घृणासमेत गरेका छन्। २५ तर,
'तिनीहरूले मलाई विनाकारण घृणा गरे', भन्ने तिनीहरूका व्यवस्थामा
लेखिएको वचन पूरा होस भनेरनै यो हुनआएको हो। २६ जब शान्ति-
दाता, अर्थात् सत्यका आत्मा आउनुभएको हुनेछ, जसलाई म पिताका तर्फ-
बाट तिमीहरूकहाँ पठाइदिनेछु, र जो पिताबाट निस्की आउनुहुनेछ,
उहाँलेनै मेरो विषयमा गवाही दिनुहुनेछ; २७ औ तिमीहरूले पनि गवाही
दिन्छौ, किनभने शुरूदेखि तिमीहरू मसित छौ।"

## विदाइका वचनहरू

१६ "तिमीहरूलाई बाधा नहोस् भनेरनै मैले यी कुरा भनेको

हुँ । २ तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्; अँ,
बेला आउँछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा
गर्दछु भनी ठान्नेछ ; ३ औ तिनीहरूले यी काम गर्नेछन्, किनभने
तिनीहरूले नता पितालाई न मलाई चिनेका छन्। ४ तर यी कुरा
मैले तिमीहरूलाई बताएको छु, कि जब तिनीहरूको बेला आउँछ,
तब मैले तिमीहरूलाई कसरी त्यो भनेथेँ भन्ने तिमीहरूले ती सम्झनेछौ ;
औ शुरूदेखिनै म तिमीहरूसित भइरहेको हुनाले मैले यी कुरा तिमीहरू-
लाई भनिनँ। ५ तर अब म उहाँकहाँ जान्छु, जसले मलाई पठाउनु-
भयो, औ तिमीहरूमध्ये कसैले मलाई 'तपाईं कहाँ जानुहुन्छ?' भनी
सोध्दैनौ। ६ तर मैले तिमीहरूलाई यी कुरा बताएको कारण शोकले
तिमीहरूको हृदय भरिएको छ ७ तापनि म तिमीहरूलाई साँचो
भन्दछु, म जानुनै तिमीहरूका निम्ति फाइदा छ ; किनभने म
गइनँ भने, शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैनः तर म गएँ भने,
उहाँलाई तिमीहरूकहाँ पठाउनेछु। ८ अनि जब उहाँ आउनुहुनेछ तब संसार-
लाई पाप, धार्मिकता र इन्साफको विषयमा दोषी ठहराउनुहुनेछ—९ पापको
विषयमा, किनभने तिनीहरू मलाई विश्वास गर्दैनन् ; १० धार्मिकताको
विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि
देख्तैनौ ; ११ औ इन्साफको विषयमा, किनभने यस संसारको शासकको
फैसला भएको छ। १२ तिमीहरूलाई भन्ने मसँग अझ धेरै कुरा छन्,
तर अहिले तिमीहरू सहनसक्तैनौ। १३ तैपनि जब उहाँ अर्थात् सत्यका
आत्मा आउनुभएको हुन्छ तब सबै सत्यमा तिमीहरूलाई उहाँले बाटो देखा-
उनुहुनेछ ; किनभने उहाँ आफ्नातर्फबाट बोल्नुहुनेछैन ; तर जे जे उहाँ सुन्नु-
हुनेछ ; ती बोल्नहुनेछ ; औ तिमीहरूलाई अब हुने कुराहरू घोषणा
गर्नुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने मबाटनै लिएर

तिमीहरूलाई यो घोषणा गर्नुहुनेछ। १५ जे जे पिताका छन्, ती सबै मेरा
हुन्; यसकारण मैले भनें, कि उहाँले मबाट लिएर तिमीहरूलाई घोषणा
गर्नुहुनेछ। १६ अलि बेर, र फेरि तिमीहरू मलाई देख्तैनौ; औ फेरि अलि
बेर, र तिमीहरू मलाई देख्नेछौ।"

१७ तब उहाँका चेलाहरूमध्ये कुनै कुनैले आपसमा भने, "यो के हो, जो उहाँले
हामीहरूलाई भन्नुहुन्छ, 'अलि बेर, र तिमीहरू मलाई देख्तैनौ, औ फेरि अलि
बेर, र तिमीहरू मलाई देख्नेछौ, औ किनकि म पिताकहाँ जान्छु'?" १८
यसकारण तिनीहरूले भने, "उहाँले भन्नुभएको 'अलि बेर' भन्ने यो के हो?
हामी जान्दैनौ, उहाँ के भन्नुहुन्छ।" १९ तिनीहरूले उहाँलाई सोध्ने
इच्छा गर्दछन् भनी बुझेर येशूले तिनीहरूलाई भन्नुभयो, "अलि बेर, र
तिमीहरू मलाई देख्तैनौ, औ फेरि अलि बेर, र तिमीहरू मलाई देख्नेछौ
भनी मैले भनेको विषयमा के तिमीहरू आपसमा सोधपूछ गर्दछौ?"
२० साँचो साँचो म तिमीहरूलाई भन्दछु, "तिमीहरू रुने र विलाप
गर्नेछौ, तर संसार रमाउनेछ; औ तिमीहरू दुःखित हुनेछौ, तर तिमी-
हरूको दुःख आनन्दमा परिवर्त्तन हुनेछ। २१ आइमाई सुत्केरी हुँदा
दुःखमा पर्छे, किनभने त्यसले जन्माउने बेला भएको हुन्छ, तर जब
त्यसले बालक जन्माइसक्छे, तब संसारमा एउटा मानिसको जन्म भयो
भन्ने आनन्दको कारण वेदनाको सम्झना त्यसलाई हुँदैन। २२ यस-
कारण अहिले तिमीहरूलाई दुःख ता हुन्छ; तर म तिमीहरूलाई हेर्नेछु,
र तिमीहरूको हृदय आनन्दित हुनेछ, औ तिमीहरूको आनन्द
कसैले तिमीहरूबाट खोस्तैन। २३ अनि त्यो दिन तिमीहरू मलाई
केही सोध्नेछैनौ। साँचो साँचो म तिमीहरूलाई भन्दछु, तिमीहरू
पितासँग जे मागौला, उहाँले मेरो नाउँमा तिमीहरूलाई दिनुहुनेछ।
२४ अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ; माग, त

तिमीहरूले पाउनेछौ, र तिमीहरूको आनन्द पूर्ण होस्।
२५ यी कुरा मैले तिमीहरूलाई उखानहरूमा भनेको छु; बेला
आउँछ, जब म फेरि तिमीहरूलाई उखानमा भन्नेछैनँ, तर पिताको
विषयमा तिमीहरूलाई सफासँग सुनाउनेछु। २६ त्यो दिन तिमीहरू
मेरो नाउँमा माग्नेछौ; र म तिमीहरूका निम्ति पितालाई बिन्ती गर्नेछु
भनी तिमीहरूलाई भन्दिनँ; २७ किनभने पिता आफैले तिमीहरूलाई
माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, औ म
परमेश्वरका तर्फबाट आएँ भनी विश्वास गरेका छौ। २८ म पिताबाट
निस्की आएँ, औ संसारमा आएको छु; फेरि म संसारलाई छोड़ेर
पिताकहाँ जान्छु।" २९ उहाँका चेलाहरूले भने "हेर्नुहोस्, अब तपाइं
सफासँग भन्नुहुन्छ, औ केही पनी उखानमा भन्नुहुन्न। ३० तपाइं
सबै कुरा जान्नुहुन्छ, औ कसैले तपाइंलाई सोध्नालाई केही आवश्यक
छैन भनी अब हामी जान्दछौं; यसैमा तपाइं परमेश्वरको तर्फबाट
निस्केर आउनुभएको हो भनी हामी विश्वास गर्दछौं।" ३१ येशूले
तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरू अब विश्वास गर्दछौ? ३२ हेर,
बेला आउँछ; अँ, आएकै छ, कि तिमीहरू हरेक आफ्ना आफ्नै
ठाउँमा तितरबितर हुनेछौ, औ मलाई एक्लै छोड़्नेछौ, तापनि म एक्लो
छैनँ, किनभने पिता मसँग हुनुहुन्छ। ३३ ममा तिमीहरूलाई शान्ति
होस् भनेर मैले तिमीहरूलाई यी कुरा भनेको हुँ। संसारमा तिमीहरू-
लाई कष्ट हुन्छ; तर ढाड़स गर, मैले संसारलाई जितेको छु।"

## येशूको प्रार्थना

१७ यी कुरा भनेर येशूले माथि स्वर्गतिर री भन्नुभयो, "हे
पिता, बेला आइपुगेको छ; पुत्रको महिमा गर्नुहोस्, र पुत्रले

तपाईंको महिमा गरोस्; २ किनकि तपाईंले उसलाई सबै प्राणीमाथि
अधिकार दिनुभयो, कि उसलाई दिनुभएको जोसुकैलाई पनि उसले
अनन्त जीवन देओस्। ३ औ अनन्त जीवन यही हो, कि तिनीहरूले
तपाईं, एकमात्र सत्य परमेश्वरलाई, र जसलाई तपाईंले पठाउनुभयो,
अर्थात् येशू ख्रीष्टलाई चिनून्। ४ तपाईंले मलाई गर्नदिनुभएको काम
पूरा गरेर मैले पृथ्वीमा तपाईंको महिमा गरें; ५ औ अब हे पिता,
जुन महिमा संसार हुनभन्दा अघि मेरो तपाइसित थियो, त्यसैले मलाई
तपाइ आफैसित महिमा गर्नुहोस्। ६ ती मानिसहरूलाई, जसलाई
संसारबाट तपाईंले मलाई दिनुभयो तपाईंको नाउँ मैले प्रगट गरिदिएँ। ती
तपाईंका थिए, औ ती तपाईंले मलाई दिनुभयो, र तिनले तपाईंको
वचन पालन गरेका छन्। ७ सबै जे जे तपाईंले मलाई दिनुभएका
छ, ती तपाईंतर्फका हुन् भन्ने अब तिनीहरूलाई थाहा भएको छ;
८ किनभने जुन कुराहरू तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई
दिएको छु; औ तिनीहरूले ती ग्रहण गरे, र म तपाईंबाट आएको हुँ
भन्ने साँच्चै तिनीहरूले थाहा पाए, र तपाईंले मलाई पठाउनु-
भएको हो भनी तिनीहरूले विश्वास गरे। ९ म तिनीहरूका निम्ति
बिन्ती गर्छु; संसारको निम्ति ता म बिन्ती गर्दिनँ, तर तिनीहरूका
लागि, जसलाई तपाईंले मलाई दिनुभएको छ, १० किनभने तिनीहरू
तपाईंकै हुन्; औ मेरा सबै थोक तपाईंका हुन्, औ तपाईंका मेरा;
र तिनीहरूमा मेरो महिमा भएको छ। ११ औ म फेरि संसारमा
हुँदिनँ; तर यिनीहरू ता संसारमा हुन्छन्, म ता तपाईंकहाँ आउनेछु।
हे पवित्र पिता, जो तपाईंले मलाई दिनुभएको छ, तपाईंको नाउँमा
तिनीहरूलाई जोगाइराख्नुहोस्, र तिनीहरू पनि हामा जस्तै एक
होऊन्। १२ जब म तिनीहरूसित थिएँ, तपाईंले मलाई दिनुभएको-

हरूलाई तपाईंको नाउँमा जोगाइराखें; र तिनको रक्षा गरें, औ तिनीहरू-
मध्ये अरू कोही नष्ट भएन, केवल विनाशको पुत्र मात्र,
कि धर्म-शास्त्र पूरा होस्; १३ तर अब म तपाईंकहाँ आउँछु; औ यी
कुरा म संसारमा बोल्दछु, कि तिनीहरू आफैमा मेरो आनन्द पूरा
होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएको छु, र संसारले
तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू संसारका होइनन्, जस्तो म
संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी
म बिन्ती गर्दिनँ, तर दुष्टबाट तिनीहरूलाई जोगाइराख्नुहोस्। १६ तिनी-
हरू संसारका होइनन्, जस्तो कि म संसारको होइनँ। १७ सत्यले
तिनीहरूलाई पवित्र पार्नुहोस्; तपाईंको वचन सत्य हो। १८ जसरी
तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा
पठाएँ; १९ औ तिनीहरू पनि सत्यमा पवित्र होऊन् भनेर म आफैलाई
तिनीहरूका खातिर पवित्र गर्दछु। २० औ म केवल तिनीहरूका निम्ति
मात्र बिन्ती गर्दिनँ, तर तिनीहरूका वचनद्वारा मलाई विश्वास गर्ने-
हरूका निम्ति पनि; २१ र तिनीहरू सबै एक होऊन्, जसरी हे
पिता, तपाईं ममा, औ म तपाईंमा, तिनीहरू पनि हामीमा होऊन्,
र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ औ
जस्तो हामी एक छौं, तिनीहरू पनि एक होऊन् भनी तपाईंले मलाई
दिनुभएको महिमा मैले तिनीहरूलाई दिएको छु। २३ म तिनीहरूमा,
औ तपाईं ममा, र तिनीहरू पूर्ण रूपमा एकै होऊन्; औ तपाईंले
मलाई पठाउनुभयो, र तपाईंले मलाई प्रेम गर्नुभएझैं तिनीहरूलाई पनि
प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४ हे पिता, म इच्छा गर्दछु,
कि जो जो तपाईंले मलाई दिनुभएको छ, तिनीहरू पनि म जहाँ छु
मसितै होऊन्, र तपाईंले मलाई दिनुभएको मेरो महिमा तिनीहरूले

देखून्, किनकि तपाईंले मलाई संसारको उत्पत्तिभन्दा पहिलेदेखिनै प्रेम
गर्नुभयो। २५ हे धार्मिक पिता, संसारले तपाईंलाई चिनेन, तर मैले
तपाईंलाई चिन, औ तपाईंले मलाई पठाउनुभयो भनी यिनीहरूले
थाहा पाए। २६ औ मैले तिनीहरूलाई तपाईंको नाउँ परिचित
गराएँ, औ परिचित गराउनेछु; र जुन प्रेमले तपाईंले मलाई प्रेम
गर्नभयो, त्यो तिनीहरूमा होस्, र म तिनीहरूमा होऊँ।"

## येशूको गिरफ्तार

१८ यी कुरा भनेर येशू आफ्ना चेलाहरूसँग किद्रोन खोल्सापारि
जानुभयो, जहाँ एउटा बगैंचा थियो; त्यसैमा उहाँ आफ्ना चेलाहरूका
साथमा पस्नुभयो। २ अब उहाँलाई पक्राइदिने यहूदाले पनि त्यो ठाउँ
चिनेको थियो, किनभने येशू आफ्ना चेलाहरूसँग त्यहाँ वारंवार भेला
हुनुहुन्थ्यो। ३ तब मुख्य पूजाहारी र फरिसीहरूबाट सिपाही
हरूको दल र अफिसरहरू पाएर बत्ती, चिराख र हतियारहरूसमेत लिएर
यहूदा त्यहाँ आयो। ४ यसकारण आफूमाथि आइपर्ने सबै कुरा थाहा पाएर
येशू निस्कनुभयो र तिनीहरूलाई भन्नुभयो, "तिमीहरू कसलाई खोज्दछौ?"
५ तिनीहरूले उहाँलाई जवाफ दिए "नासरतका येशूलाई।" येशूले
तिनीहरूलाई भन्नुभयो, "म उहा हुँ।" अब उहाँलाई पक्राइदिने यहूदा
पनि तिनीहरूसँगै उभिरहेको थियो। ६ त्यसकारण जब उहाँले तिनी-
हरूलाई "मै हुँ", भन्नुभयो, तब तिनीहरू पछि हटेर भुइँमा लोटे।
७ यसकारण फेरि उहाँले तिनीहरूलाई सोध्नुभयो, तिमीहरू कसलाई
खोज्दैछौ?" औ तिनीहरूले भने, "नासरतका येशूलाई।" ८ येशूले जवाफ
दिनुभयो, "मैले तिमीहरूलाई भनिहालें 'म उही हुँ।' यसकारण यदि

तिमीहरू मलाई खोज्दछौ भने यिनीहरूलाई चाहिँ जानदेओ।" ९ औ उहाँले
भन्नुभएको वचन पूरा होस्, कि "तपाईंले मलाई दिनुभएकाहरूमध्ये
कसैलाई पनि मैले गुमाइनँ।" १० अब शिमोन पत्रुससँग तरवार भएको
हुनाले त्यो तिनले थुतेर मुख्य पूजाहारीको दासलाई हानेर त्यसको दाहिने
कान च्वाट्टै काटिदिए। त्यस दासको नाउँ मालकस थियो। ११ येशूले पत्रुसलाई
भन्नुभयो, "तरवार म्यानमा हाल। के पिताले मलाई दिनुभएको कचौराबाट
म नपिऊँ?"

१२ यसकारण सिपाहीहरूको दल, मुख्य कप्तान र यहूदीहरूका
अफिसरहरूले येशूलाई पक्रे, र उहाँलाई बाँधे; १३ औ पहिले हन्नासकहाँ
लगे; किनभने तिनी त्यस सालका प्रधान पूजाहारी कैयाफाका ससुरा थिए।
१४ अब कैयाफा उही थिए, जसले 'मानिसहरूका निम्ति एउटै मान्छे मर्नु
फाइदा छ' भनी यहूदीहरूलाई सल्लाह दिएका थिए।

## पत्रुसले येशूलाई इन्कार गरेका

१५ अब शिमोन पत्रुस येशूको पछि लागे, र अर्को एक जना चेलाले पनि
यसै गरे। औ त्यो चाहिँ चेला प्रधान पूजाहारीका चिन्हारु थिए, र येशूसँग
प्रधान पूजाहारीको चोकमा पसे, १६ तर पत्रुस बाहिर ढोकामा उभिरहेका
थिए। यसकारण त्यो अर्को चाहिँ चेलाले, जो प्रधान पूजाहारीका चिन्हारु
थिए, बाहिर निस्केर ढोकामा पालो बस्ने स्त्रीलाई भनेर पत्रुसलाई भित्र
ल्याए। १७ यसकारण ढोकामा पालो बस्ने स्त्रीले पत्रुसलाई भनी, "के तिमी
पनि त्यस मानिसका चेलाहरूमध्ये एउटा हौ?" तिनले भने, "म ता होइनँ।"
१८ अब त्यहाँ दासहरू र अफिसरहरू आगोको भुङ्ग्रो बनाएर उभिरहेका
थिए; किनभने जाडो थियो, र आगो ताप्दै थिए; औ पत्रुस पनि
तिनीहरूसँग उभिएर आगो ताप्दै थिए।

१९ प्रधान पूजाहारीले येशूलाई उहाँका चेलाहरू र उहाँका
शिक्षाको विषयमा सोधे। २० येशूले तिनलाई जवाफ दिनुभयो, "मैले
संसारलाई खुल्लमखुल्ला भनेको छु; मैले सधैँ सभाघरमा र मन्दिरमा
शिक्षा दिएको छु, जहाँ सबै यहूदीहरू जम्मा हुन्छन् औ गुप्तमा मैले
केही भनेको छैनँ। २१ मलाई किन सोध्नुहुन्छ? मैले तिनीहरूलाई
के के भनें ती सुन्नेहरूलाईनै सोध्नुहोस्; हेर्नुहोस्, मैले भनेका कुरा-
हरू यिनीहरूलाई थाहा छ। २२ अनि उहाँले यी कुरा भन्नुहुँदा,
नजीकमा उभिएका अफिसरहरूमध्ये एक जनाले यसो भनेर येशूलाई
थप्पड़ दिए, "के प्रधान पूजाहारीलाई यसरी जवाफ दिन्छस्?" २३ येशूले
त्यसलाई जवाफ दिनुभयो, "मैले खराब बोलेको भए, त्यस खराबीको
गवाही देऊ; तर असलै हो भने ता मलाई किन हिर्काउँछौ?" २४ यस-
कारण हन्नासले उहाँलाई बाँधिएकैमा प्रधान पूजाहारी कैयाफा-
कहाँ पठाए।

२५ शिमोन पत्रुस उभिएर आगो ताप्दै थिए। यसकारण तिनी-
हरूले तिनलाई भने, "के तिमी पनि उनका चेलाहरूमध्ये एक हौ?"
तिनले इन्कार गरेर भने, "म होइनँ।" २६ प्रधान पूजाहारीका
दासहरूमध्ये एक जना, अर्थात् जसको कान पत्रुसले काटेका थिए, त्यसको
नातेदारले सोध्यो, "के मैले तिमीलाई तिनीसँग बगैंचामा देखिनँ र?"
२७ तब फेरि पत्रुसले इन्कार गरे। अनि तुरुन्तै भाले बास्यो।

## बड़ा हाकिम पिलातसको सामने येशू

२८ तब तिनीहरूले येशूलाई कैयाफाकहाँबाट महलतिर लगे, औ
त्यस बेला बिहानपख थियो। औ तिनीहरू नबिटुलून्, तर निस्तार
चाड़को भोज खाऊन् भनी आफूहरूचाहिँ महलभित्र पसेनन्। २९ यस-

कारण पिलातसले तिनीहरूकहाँ बाहिर निस्केर भने, "यस मानिसको
विरुद्ध तिमीहरू के दोष लाउँछौ?" ३० तिनीहरूले उनलाई जवाफ
दिएर भने, "यदि यो मानिस कुकर्मी नहुँदो हो ता हामी यसलाई तपाइँकहाँ
सुम्पने थिएनौं।" ३१ पिलातसले तिनीहरूलाई भने, "तिमीहरू यिन-
लाई लैजाओ, र तिमीहरूको आफ्नै व्यवस्थाबमोजिम यिनको इन्साफ
गर।" यहूदीहरूले उनलाई भने, "हामीले कुनै मानिसको ज्यानलिनु
न्यायसंगत होइन," ३२ कि येशूको त्यो वचन पूरो होस्, जो उहाँले
भन्नुभएको थियो, कि 'म कस्तो मृत्युले मर्न आँटेको छु।'

३३ पिलातस फेरि महलभित्र पसे, र तिनले येशूलाई बोलाएर
उहाँलाई भने, "के तिमी यहूदीहरूका राजा हौ?" ३४ येशूले जवाफ
दिनुभयो, "के तपाइँ आफै यो भन्नुहुन्छ, अथवा मेरो विषयमा तपाइँ-
लाई अरू कसैले भन्यो?" ३५ पिलातसले जवाफ दिए, "के म
यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मकहाँ
सुम्पिदिए; तिमीले के गर्‍यौ?" येशूले जवाफ दिनुभयो, "मेरो राज्य
यस संसारको हुँदो हो ता म यहूदीहरूका हातमा नसुम्पिनालाई मेरा
चाकरहरूले लड़ाइँ गर्नेथिए; तर अब मेरो राज्य यहाँको होइन।"
३६ यसकारण पिलातसले उहाँलाई भने, "के तब तिमी राजानै हौ।"
३७ येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाइँनै भन्नुहुन्छ।
यसैको निम्ति म जन्मेको हुँ, र सत्यको निम्ति गवाही दिऊँ भनेर
यसैको निम्ति यस संसारमा आएको हुँ। सत्यको जो छ, हरेकले
मेरो सोर सुन्छ।" ३८ पिलातसले उहाँलाई भने, "सत्य भनेको
के हो?"

अनि यो भनेर फेरि यहूदीहरूकहाँ बाहिर निस्केर उनले तिनीहरू-
लाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ। ३९ तर मैले निस्तार

चाड़मा एक जनालाई तिमीहरूका निम्ति छोड़िदिने तिमीहरूको चलन
छ; त के तिमीहरूका निम्ति यहूदीहरूका राजालाई छोड़िदिउँ
भन्ने तिमीहरूको इच्छा छ?" ४० तर तिनीहरू फेरि यसो
भन्दै कराए, "यसलाई होइन, तर बरब्बालाई।" अब बरब्बाचाहिँ
चोर थियो।

## पिलातसले यहूदीहरूका कुरा सुनेका

१९ तब पिलातसले येशूलाई लगेर कोर्रा लगाए। २ औ सिपाही-
हरूले काँढ़ाहरूको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, अनि उहाँलाई
बैजनी रङ्गको वस्त्र पहिराइदिए; ३ र उहाँका नजीक आएर भने,
"सलाम, यहूदीहरूका राजा।" औ तिनीहरूले उहाँलाई थप्पड़ दिए।
४ अनि पिलातसले फेरि बाहिर निस्केर तिनीहरूलाई भने, "हेर, म
यिनलाई तिमीहरूकहाँ बाहिर ल्याउँछु, र म यिनमा केही दोष पाउँदिनँ
भनी तिमीहरूले थाहा पाओ।" ५ तब येशू काँढ़ाको मुकुट र बैजनी
रङ्गको वस्त्र पहिरेको भएरै बाहिर आउनुभयो; औ पिलातसले तिनी-
हरूलाई भने, "हेर, त्यो मानिस!" ६ यसकारण जब मुख्य पूजाहारी-
हरू र अफिसरहरूले उहाँलाई देखे, तब यसो भन्दै चिच्याए, "क्रूसमा
टाँग्नुहोस्, क्रूसमा टाँग्नुहोस्।" पिलातसले तिनाहरूलाई भने, "तिमी-
हरूलेनै यिनलाई लगी क्रूसमा टाँग, किनभने म यिनमा केही दोष
पाउँदिनँ।" ७ यहूदीहरूले तिनलाई जवाफ दिए, "हाम्रो एउटै व्यव-
स्था छ, र त्यसअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरका पुत्र
तुल्यायो।" ८ जब पिलातसले यो कुरो सुने, उनी झन् डराए;
९ अनि फेरि महलभित्र पसेर येशूलाई भने, "तिमी कहाँका हौ?" तर
येशूले तिनलाई केही पनि जवाफ दिनुभएन। १० यसकारण पिलातस-

ले उहाँलाई भने, "के तिमी मसित बोल्दनौ? तिमीलाई छाडिदिने
मलाई अधिकार छ, तिमीलाई क्रूसमा टाँग्ने पनि मलाई अधिकार छ
भन्ने के तिमीलाई थाहा छैन?"
११ येशूले जवाफ दिनुभयो, "तपाईंलाई
यो माथिबाट नदिएको भए तपाईंको ममाथि केही अधिकार हुने-
थिएन। यसकारण मलाई तपाईंकहाँ सुम्पिदिने जो हो, त्यसलाई
बढ्ता पाप छ।"
१२ यतिमा पिलातसले उहाँलाई छोड़िदिन खोजे;
तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोड़ि-
दिनुभयो भने तपाईं सिजरका मित्र हुनुहुन्न। आफैलाई राजा बनाउने
प्रत्येक सिजरको विरुद्धमा बोल्दछ।"
१३ यसकारण पिलातसले यी कुरा
सुनेर येशूलाई बाहिर ल्याए, औ ढुङ्गा छापेको, तर इब्रानीमा गब्बथा
भन्ने ठाउँमा, न्याय-आसनमा बसे।
१४ त्यस बखत निस्तार चाड्को
तयारीको समय थियो, औ बिहान प्रायः छैटौं घड़ी भएको थियो:
अनि तिनले यहूदीहरूलाई भने, "हेर, तिमोहरूका राजा!"
१५ तर
तिनीहरू यसो भन्दै चिच्याए, "लैजानुहोस्, लैजानुहोस्; त्यसलाई
क्रूसमा टाँग्नुहोस्।" पिलातसले तिनीहरूलाई भने, "के म तिमीहरूका
राजालाई क्रूसमा टाँगूँ?" मुख्य पूजाहारीहरूले जवाफ दिए, "सिजर-
बाहेक हाम्रा अरू राजै छैनन्।"
१६ त्यसर्थ तिनले उहाँलाई क्रूसमा
टाँग्नालाई तिनीहरूका हातमा सुम्पिदिए। तब तिनीहरूले येशूलाई
जिम्मा लिए।

## येशू क्रूसमा टाँगिनुभएको

१७ अब उहाँ आफ्ना निम्ति आफै क्रूस बोकेर खप्परे भन्ने ठाउँमा
जानुभयो, जो इब्रानीमा गल्गथा भनिन्छ;
१८ जहाँ तिनीहरूले
उहाँलाई, र उहाँको साथमा अरू दुइ जनालाई, एउटालाई यतापट्टि-

र अर्कोलाई उतापट्टि, औ माफमा येशूलाई क्रूसमा टाँगे। १९
पिलातसले एउटा दोष-पत्र पनि लेखे, र क्रूसमाथि टाँसिदिए। औ त्यसमा
यही लेखिएको थियो, "नासरतका येशू, यहूदीहरूका राजा।"
२० अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े, किनभने येशू क्रूसमा टाँगिनु-
भएको ठाउँ शहरको नजीकै थियो; औ यो इब्रानी, रोमी र यूनानी
भाषामा लेखिएको थियो। २१ यसकारण यहूदीहरूका मुख्य पूजाहारी-
हरूले पिलातसलाई भने, "यहूदीहरूका राजा भन्ने होइन, तर 'यसले म
यहूदीहरूका राजा हुँ भन्यो' भनी लेख्नुहोस्।" २२ पिलातसले जवाफ
दिए, "मैले जे लेखें, लेखें।"

२३ यसकारण जब तिनीहरूले येशूलाई क्रूसमा टाँगे, सिपाहीहरूले उहाँका
वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक एक भाग हुने गरी चार भाग
गरे, औ अलखा पनि; तर अलखा चाहिँ सिउनी नभएको माथिदेखि
तलसम्म बुनेको थियो। २४ यसकारण तिनीहरूले आपसमा भने,
"यो चाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी गोला हालौं: धर्मशास्त्र
पूरा होस् भनेर सिपाहीहरूले यी काम गरे।

'कि तिनीहरूले मेरा वस्त्र आफू आफूमा बाँड़े,
र मेरो अलखा चाहिँ गोला हाले।'

२५ अनि येशूको क्रूसको नजीक उहाँकी आमा, उहाँकी आमाकी
बहिनी क्लिओफसकी पत्नी मरियम, र मरियम मग्दलिनी उभिरहेका
थिए। २६ जब येशूले आफ्नी आमालाई र उहाँले प्रेम गर्नभएको
चेलालाई नजीकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमा-
लाई भन्नुभयो; "हे नारि, हेर्नुहोस्, तपाईंको छोरो!" २७ तब त्यस
चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" औ त्यस बेलादेखि
त्यस चेलाले उनलाई तिनको आफ्नै घरमा लगे।

२८ यसपछि येशूले सब कुरा अब भइसिद्धिए भनी जानेर धर्मशास्त्र
पूरा होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" २९ त्यहाँ सिर्काले
भरिएको एउटा भाँडो राखिएको थियो। यसकारण सिर्काले भरेको
स्पञ्ज एउटा हिसपमा अड्काएर तिनीहरूले उहाँको मुखमा पुऱ्याइदिए।
३० जब येशूले सिर्का पाउनुभयो, तब उहाँले भन्नुभयो, "अब
सिद्धियो।" औ उहाँले शिर निहुराएर आफ्नो आत्मा सुम्पिदिनुभयो।

## येशूलाई भालाले घोंचेको र उहाँलाई चिहानमा गाड़ेको

३१ किनकि त्यो दिन तयारीको दिन थियो, यसकारण यहूदीहरूले
विश्रामको दिनमा ( किनकि त्यो विश्रामको दिन बड़ा दिन थियो ),
लाशहरू क्रूसमा नरहून् भनेर पिलातसलाई तिनीहरूका खुट्टा भाँचेर
तिनीहरूलाई झिकी लगीऊन् भन्वी बिन्ती गरे। ३२ तब सिपाहीहरू
आएर पहिलोका खुट्टा भाँचे, र उहाँसित क्रूसमा टाँगिएको त्यस
अर्कोको पनि। ३३ तर जब तिनीहरू येशूकहाँ आए र उहाँको मृत्यु
अघिनै भइसकेको देखे, तब उहाँका खुट्टा भाँचेननू; ३४ त्यसो भए
तापनि सिपाहीहरूमध्ये एक जनाले भालाले उहाँका कोखामा घोंच्यो, र
तुरुन्तै रगत र पानी निस्क्यो। ३५ अब यो देख्नेले गवाही दिएको
हो, र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी उनी जान्दछन्;
औ तिमीहरूले पनि विश्वास गर्नसक। ३६ किनकि "उहाँको एउटै
हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्र पूरा होस् भनेर यी कुरा हुनआए।
३७ अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्दछ, "जसले उहाँलाई रोपे
तिनीहरूले उहाँलाई हेर्नेछन।"

३८ अब यी कुरापछि अरमथियाका यूसुफले, यहूदीहरूका डरले
गुप्तमा मात्र येशूका चेला भएका हुनाले, पिलातसलाई येशूको लाश

लजान पाऊँ भनी बिन्ती गरे ; औ पिलातसले अनुमति दिए। तब
तिनले आएर उहाँको लाश लगे। ३९ अनि अघि उहाँकहाँ राती
आउने, निकोदेमस पनि पचास सेर जति मिसाएको मुर्र* र एलवा।
लिई त्यहाँ आए। ४० तिनीहरूले येशूको लाश लगेर यहूदीहरूको
लाश गाड्ने चलनअनुसार सुगन्ध द्रव्यहरूसित सुती कपडामा बाँधे।
४१ अब उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैंचा थियो, औ
त्यस बगैंचामा कहिल्यै मानिस नगाड़िएको एउटा नयाँ चिहान थियो।
४२ यहूदीहरूको तयारीको दिनले गर्दा, (किनकि त्यो चिहान नजीक
थियो) तिनीहरूले येशूलाई त्यहीं चिहानभित्र राखे।

## रित्तो चिहान

२० अब हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै, मरियम
मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाएको देखिन्।
२ तिनी, शिमोन पत्रुस र त्यो अर्को चाहिं चलाकहाँ, जसलाई येशूले
माया गर्नु हुन्थ्यो, दगुरेर आइन, र तिनीहरूलाई भनिन्, "तिनीहरूले प्रभुलाई
चिहानबाट लगेछन्, औ उहाँलाई कहाँ राखेछन् सो हामी जान्दैनौं।"
३ यसकारण पत्रुस र त्यो अर्को चाहि चेला बाहिर निस्केर चिहानतिर
गए। ४ अनि ती दुवै सँगसँगै दगुरे, तर त्यो अर्को चाहिँ चेलाले
पत्रुसलाई उछिने, र चिहानमा अघाड़ि आइपुगे ; ५ औ निहुरेर हेरी सुती
कपड़ाहरू त्यसै पड़िरहेका देखे ; तरैपनि तिनी त्यहाँभित्र ता पसेनन्।
६ तिनका पछि पछि लाग्दै शिमोन पत्रुस पनि आए, र चिहानभित्र
पसे, औ तिनले सुती कपड़ाहरू पड़िरहेका देखे, ७ औ रूमालचाहिँ,

* एक किसिमको सुगन्धित खोटो।
। एक किसिमको सुगन्धित चर्ण।

जो उहाँको शिरमा थियो, सुती कपड़ाहरूसित होइन, तर अलग्गै एक
ठाउँमा बेहेरिएको देखे। ८ तब चिहानमा पहिले आइपुग्ने त्यो अर्को
चेला पनि भित्र पस्यो, र देखेर उसले विश्वास गर्‍यो। ९ किनभने
तिनीहरूले उहाँको पुनरुत्थान हुनैपर्छ भन्ने धर्मशास्त्रको वचनलाई
अहिलेसम्म जानेका थिएनन्। १० तब चेलाहरू फेरि आफ्ना आफ्ना
घरमा गए।

## येशू मरियमकहाँ देखा पर्नुभएको

११ तर मरियम चिहानको बाहिर रुँदै उभिरहेकी थिइन्। तब
तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, १२ औ जहाँ येशूको लाश
रहेको थियो त्यहाँ सेता वस्त्र लाएका दुइ स्वर्गदूतहरूलाई, एउटा शिर-
तिर, र अर्को पाउतिर बसिरहेका तिनले देखिन्। १३ तिनीहरूले
तिनलाई भने "ए नारि, किन रुन्छयौ?" तिनले उनीहरूलाई भनिन्,
"किनभने तिनीहरूले मेरा प्रभुलाई लगेछन्, औ उहाँलाई कहाँ राखेका छन्,
म जान्दिनँ।" १४ यी कुरा भनेर तिनी पछिल्तिर फर्किन्, र तिनले
येशूलाई उभिरहनुभएको देखिन्, तापनि येशूनै हुनुहुन्छ भनी चिनिनन्।
१५ येशूले तिनलाई भन्नुभयो, "ए नारि, तिमी किन रुँदैछयौ?
कसलाई खोज्छयौ?" तिनले उहाँलाई माली भनिठानेर भनिन्,
"हजूर, तपाइँले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ?
मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु।" १६ येशूले तिनलाई 'ए
मरियम' भन्नुभयो। तिनले फर्केर उहाँलाई इब्रानीमा भनिन्, "रब्बोनी"
अर्थात् "हे गुरुज्यू।" १७ येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ,
किनभने म अहिलेसम्म पिताकहाँ माथि गएको छैनँ; तर मेरा भाइहरू-
कहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'म मेरा पिता र तिमीहरूका पिता,

औ मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ माथि जान्छु'।" १८
मरियम मग्दलिनी चेलाहरूकहाँ आइन्, र "मैले प्रभुलाई देखें; र उहाँले
मलाई यी कुरा भन्नुभयो" भन्ने समाचार तिनले ल्याइन्।

## येशू प्रेरितहरूकहाँ देखा पर्नुभएको

१९ अब त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझमा जहाँ
चेलाहरू थिए, यहूदीहरूको डरको कारणले ढोकाहरू बन्द गरिएकैमा,
येशू आएर माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई
शान्ति होस्।" २० अनि यति भनेर उहाँले तिनीहरूलाई आफ्ना
हात र कोखा पनि देखाउनुभयो। तब चेलाहरू प्रभुलाई देखेर खुशी
भए। २१ यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरू-
लाई शान्ति होस्। जसरी पिताले मलाई पठाउनुभयो, त्यसर्र म पनि
तिमीहरूलाई पठाउँछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूलाई
फुकेर तिनीहरूलाई भन्नुभयो, "पवित्र आत्मा लेओ; २३ जस जसका पाप
तिमीहरू क्षमा गरौला, तिनीहरूलाई ती क्षमा हुनेछन्; औ जस जसका
पाप तिमीहरू रहनदिन्छौ, ती रहनेछन्।"

## येशू थोमाकहाँ देखा पर्नुभएको

२४ जब येशू आउनुभएको थियो तब बाह्र जनामध्ये एक जना
दिदिमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। २५ यसकारण अरू
चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनी-
हरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूको डोब देख्तिनँ,
र कीलाहरूको डोबमा मेरो औंला हाल्दिनँ, औ उहाँको कोखामा मेरो
हात हाल्दिनँ, तबसम्म म पत्याउनेछैनँ।"

२६ अब आठ दिनपछि उहाँका चेलाहरू फेरि भित्रै थिए, औ थोमा
पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द गरिएकैमा येशू आउनुभयो, र
माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" २७ तब
उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ ल्याऊ, र मेरा हातहरू
हेर; औ तिम्रो हात यहाँ ल्याएर मेरो कोखामा हाल; औ अविश्वासी
होइन, तर विश्वासी होऊ।" २८ थोमाले उहाँलाई जवाफ दिई भने,
"हे मेरा प्रभु, औ हे मेरा परमेश्वर।" २९ येशूले तिनलाई भन्नु-
भयो, "किनकि तिमीले मलाई देख्यौ, यसैकारण विश्वास गरेका छौ;
तर नदेखेर विश्वास गर्नेहरू धन्य हुन्।"

## यो सुसमाचारको उद्देश्य

३० अब येशूले अरू धेरै चिह्नहरू पनि चेलाहरूका सामनेमा गर्नु-
भयो, जो यस पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी लेखिएका
छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास
गर्नसक, र विश्वास गरेर तिमीहरूलाई उहाँका नाउँमा जीवन होस्।

## तिबेरियास झीलमा येशू देखा पर्नुभएको

२१ यी कुरापछि येशूले फेरि चेलाहरूलाई तिबेरियास समुद्रको
छेउमा आफूलाई प्रकट गर्नुभयो। औ उहाँ यसरी प्रकट हुनुभयो;
२ शिमोन पत्रुस, दिदिमस भन्ने थोमा, गालीलको कानाका नथनि-
एल, जबदीका छोराहरू र उहाँका चेलाहरूमध्ये अरू दुइ जना
एकसाथ थिए। ३ शिमोन पत्रुसले तिनीहरूलाई भने, "म माछा मार्न
जान्छु।" तिनीहरूले उनलाई भने, "हामी पनि तिमीसित आउछौं।"
तिनीहरू निस्केर डुङ्गामा चढ़े, औ त्यस रात तिनीहरूले केही पक्रेनन्।
४ अनि झिसमिसे बिहान येशू किनारमा खड़ा हुनुभयो; तापनि चेला-

हरूले उहाँ येशूनै हुनुहुन्छ भनी चिनेका थिएनन्। ५ यसकारण येशूले
तिनीहरूलाई भन्नुभयो, "बालक हो, तिमीहरूसित केही खाने कुरो छ
कि ?" तिनीहरूले उहाँलाई जवाफ दिए, "छैन।" ६ उहाँले तिनी-
हरूलाई भन्नुभयो, "जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।"
तब तिनीहरूले हाने, औ माछाहरूका थुप्रोले गर्दा तिनीहरूले जाल
अब तान्न सकेनन्। ७ त्यस चेलाले, जसलाई येशूले प्रेम गर्नुहुन्थ्यो,
पत्रुसलाई भन्यो, "उहाँ ता प्रभु पो हुनुहुन्छ।" औ शिमोन पत्रुसले
'उहाँ प्रभु हुनुहुन्छ' भन्ने सुनेर आफ्नो ओढ्ने कम्मरमा बेह्रेर, (किन-
भने तिनी नाङ्गै थिए,) र समुद्रमा हाम फाले। ८ अनि अरू चेलाहरू
माछाहरूले भरेको सानो डुङ्गामा जाल तान्दै आए। (किनभने तिनीहरू
किनारदेखि टाढ़ा होइन, तर प्रायः सय गज जतिमा थिए।) ९ जब
तिनीहरू किनारमा उत्रे, तिनीहरूले कोइलाको भुङ्ग्रो पड़िरहेको, र त्यस-
माथि माछा राखिएको र रोटी देखे। १० येशूले तिनीहरूलाई भन्नु-
भयो, "तिमीहरूले अहिले पक्रेका माछाबाट केही ल्याओ।" ११ तब
शिमोन पत्रुसले चढ़ेर एक सय त्रिपन्नवटा ठूला ठूला माछाले भरिएको
जाल पाखामा तानी ल्याए; तर यति धेर हुँदा पनि जाल फाटेन।
१२ येशूले तिनीहरूलाई भन्नुभयो, "आएर खाओ।" तर उहाँ प्रभुनै
हुनुहुन्छ जानेर पनि "तपाईं को हुनुहुन्छ ?" भनी उहाँलाई सोध्ने
चेलाहरूमध्ये कसैलाई आँट भएन। १३ येशूले आएर रोटी लिई
तिनीहरूलाई दिनुभयो, र त्यसैगरी माछा पनि। १४ अब पुनरुत्थान
भएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रोपल्ट हो।

## पत्रुसलाई येशूको आखिरी वचनहरू

१५ अनि जब तिनीहरूले खाइसके, येशूले शिमोन पत्रुसलाई
भन्नुभयो, "ए योआनेसको छोरो शिमोन, के तिमी मलाई यिनीहरू

भन्दा बढ़्ता प्रेम गर्दछौ ?" तिनले उहाँलाई भने, "ज्यू, प्रभु, तपाईं
जान्नुहुन्छ, म तपाइलाई माया गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा
पाठाहरू चराऊ।" १६ उहाँले फेरि दोस्रोपल्ट तिनलाई भन्नुभयो, "ए
योआनेसको छोरो शिमोन, के तिमी मलाई प्रेम गर्दछौ ?" तिनले उहाँ-
लाई भने, "ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु।" उहाँले
तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाहा गर।" १७ उहाँले तिनलाई
तेस्रोपल्ट भन्नुभयो, "ए योआनेसको छोरो शिमोन, के तिमी मलाई माया
गर्छौ ?" पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रोपल्ट तिनलाई
भन्नुभयो, "के तिमी मलाई माया गर्छौ"; र तिनले उहाँलाई भने,
"प्रभु, तपाइ सब कुरा जान्नुहुन्छ; म तपाईंलाई माया गर्दछु भनी
तपाइलाई थाहा छ।" येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरू चराऊ।
१८ साँचो साँचो म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी
आफैले आफ्नो पटुका कस्थ्यौ, औ जहाँ इच्छा हुन्थ्यो हिँड़्डुल गर्थ्यौ; तर
जब तिमी बूढ़ो हुनेछौ, तिमी आफ्ना हात पसार्नेछौ, र अर्काले तिमीलाई
तिम्रो पटुका कसिदिनेछ, औ जहाँ तिम्रो इच्छा हुँदैन, त्यहाँ लैजानेछ।"
१९ तर तिनले कस्तो मृत्युद्वारा परमेश्वरको महिमा गर्नेछन्, त्यसको सूचना
दिँदै उहाँले यो भन्नुभयो। औ यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो-
पछि लाग।" २० तर पत्रुसले फर्केर त्यस चेलालाई पछि पछि आउँदै
गरेको देखे, जसलाई येशूले प्रेम गर्नुहुन्थ्यो, औ जसले बेलुकीको भोजनको
बेलामा उहाँको छातीमा अड़ेस लागेर 'प्रभु, तपाईंलाई धोखा दिने को हो' ?'
भनी सोधेका थिए। २१ तब तिनलाई देखेर पत्रुसले येशूलाई भने, "प्रभु,
यिनको नि के हुन्छ ?" २२ येशूले तिनलाई भन्नुभयो, "म नआएसम्म
तिनले पर्खिरहून् भन्ने मेरो इच्छा भए, तिमीलाई के ? तिमी मेरोपछि लाग।"
२३ यसैकारण भाइहरूका बीचमा ती चेला मर्दैनन् भन्ने कुरा चल्यो। तरैपनि

"तिनी मर्दैनन्" भनी येशूले तिनलाई भन्नुभएको थिएन, तर "म नआएसम्म तिनले पर्खिरहून् भन्ने मेरो इच्छा भए तिमीलाई के?" पो भन्नुभएको थियो।

## समाप्ति

२४ यी कुराको विषयमा गवाही दिने र यी कुरा लेख्ने चेला यिनै हुन् औ हामी जान्दछौं, तिनको गवाही साँचो छ।

२५ अब अरू पनि धेरै काम छन्, जो येशूले गर्नुभयो, जो एक एक गरी लेख्नुपरे, म सम्झन्छु, लेखिएका पुस्तकहरू संसारभरि पनि अटाउनेछैनन्॥

—:o:—

PRINTED IN INDIA AT THE C.L.S. PRESS, 1, DICKENSON ROAD, BANGALORE-1
FOR THE BIBLE SOCIETY OF INDIA, A/1, MAHATMA GANDHI ROAD, BANGALORE, INDIA.